मुटुरोगलगायतका स्वास्थ्य समस्याबाट बच्न
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमितरूपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर ०२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 18 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८२


## लाखौं खर्च गरेर छठघाट शृङ्गार्ने प्रतिस्पर्धा

## छठ पर्व विधिवत्‌रूपमा शुरू

प्रस, वीरगंज, १ मङ्सिर/

वीरगंज महानगरपालिकामा छठ बजार छपकैया, वडा नं १३ को शिवघाटलगायतका क्षेत्रमा ठूलो खर्चमा

आजदेखि छठ पूजाको विधि शुरू भएको छ । आज पहिलो दिन नहाय–



तस्वीर:प्रतीक

पूजाको रौनक बढेको छ। दीपावलीदेखि नै छठघाटहरूको सरसफाइ, सजावटलगायतका कामहरू शुरू भएको थियो । अहिले ८० प्रतिशतभन्दा बढी सजावटलगायतका कामहरू सम्पन्न भएका र भोलिसम्म छठघाटको सजावट कार्य पूरा हुने लक्ष्यसहित महानगरका विभिन्न वडाहरूमा कार्यहरू भइरहेका छन् ।

वीरगंज महानगरमा छठघाटको सजावटमा वडा नं १० आदर्शनगरस्थित घडीअर्वा पोखरी, स्वीमिङ पुल, वडा नं ११ र १२ को साँधमा रहेको रानीघाट, वडा नं १६ को नगवा, १२ को मुर्ली, वडा नं २ को छपकैया, वडा नं १ को छठघाट सजावट कार्य गरिएको छ ।

केही ठाउँमा सिसिटिभीसहितको सुरक्षा प्रबन्ध गरिएको छ । सुरक्षा अधिकारीहरूले भीडभाडमा गहना लगाएर पूजामा सहभागी नहुन सुझाएका छन् । भीडमा गहना चोरी हुन सक्ने भएकोले सकभर गहना लगाएर पूजामा सहभागी नहुन आग्रह गरेका छन् ।

छठघाटहरूमा अहिले सजावटको प्रतिस्पर्धा शुरू भएको छ। दुई लाखदेखि १४ लाख रुपैयाँभन्दा बढी खर्च गरेर छठघाट सजावट कार्य भइरहेका छन् । झिलिमिली बत्ती, सिसिटिभी क्यामरा, साउन्ड, पन्डाल र स्वागतद्वार बनाएर घाट शृङ्गार्ने काम भइरहेको छ ।

खाय गरी छठ पर्वको शुभारम्भ गरिएको छ । आजको दिन व्रतालुहरूले घरको सरसफाइ गरी शुद्ध खाना खाने गर्छन् । भोलि दोस्रो दिन निर्जल व्रत बसेर बेलुका छठीमाताको पूजा गरेर खीरपुरी प्रसादको रूपमा खाने गर्छन् । यस वर्ष आइतवार सँझियाघाट र सोमवार बिहानीघाट परेको छ । आइतवार निर्जल व्रत बस्ने र साँझ घाटमा गएर छठीमाताको पूजा गरिन्छ ।

साँझ घाटबाट फर्केकाहरूले भाकल अनुसार घरमा छठीमाताको आराधना गर्दै कोशी भर्छन् र बिहान कोशी सेलाउँछन् । यसैगरी, आइतवार अस्ताउँदो सूर्य र सोमवार उदाउँदो सूर्यको

(बाँकी दोस्रो पातामा)

## ज्येष्ठ नागरिक पार्क चाँडै निर्माण हुन्छ -नगरप्रमुख

प्रस, वीरगंज, १ मङ्सिर/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वडा नं १५ स्थित ज्येष्ठ सो प्रयोजनको बिरुवा रोप्दा फाइदा हुने बताए ।

आज नगरप्रमुख सिंह, ज्येष्ठ नागरिक

डा उपाध्यायले आफ्नो क्लिनिकमा ज्येष्ठ नागरिकहरूको निश्शुल्क परीक्षण गर्ने र अन्य सेवामा २५ प्रतिशत छुट




तस्वीर: प्रतीक

नागरिक पार्कको निर्माण कार्य अविलम्ब शुरू गरिने बताएका छन् ।

सङ्घले मासिकरूपमा पहिलो शुक्रवार आयोजना गर्ने कार्यक्रममा आज उनले सो कुरा बताएका हुन् । नगरप्रमुख सिंहले ज्येष्ठ नागरिक पार्कको लागि गुरुयोजना तयार भइसकेको र तुरुन्त काम शुरू गरिने बताए । उनले पार्कमा अत्यधिक अक्सिजन प्रदान गर्ने बिरुवा रोप्न सुझाव दिए । ज्येष्ठ नागरिकहरूको लागि आक्सिजन आवश्यक भएको हुनाले

सङ्घ, पर्साका अध्यक्ष श्याम पोखरेल, पूर्वअध्यक्ष तथा मधेस प्रदेशका संयोजक जगदीशप्रसाद शर्माले केही बिरुवा रोपेका थिए ।

मासिकरूपमा ज्येष्ठ नागरिकहरूलाई लक्षित गरेर स्वास्थ्यसम्बन्धी जानकारी गराउने क्रममा आज दन्त विशेषज्ञ डा मनोज उपाध्यायले ज्येष्ठ नागरिकहरूलाई दाँतसम्बन्धी जानकारी गराएका थिए । उनले दाँतको हेरचाह कसरी गर्ने भन्नेबारेमा सुझाव दिएका थिए ।

दिने घोषणा पनि गरे ।

कार्यक्रममा डा प्रियंसा पौडेलले पनि ज्येष्ठ नागरिकहरूलाई दाँतसम्बन्धी परामर्श दिएकी थिइन् ।

सङ्घका अध्यक्ष पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडाध्यक्ष प्रदीप चौरसिया, सङ्घका उपाध्यक्ष बैधनाथ कुशवाहा, आशा गौतम, सविता अधिकारी, उषा शाह, बद्री केसीलगायतको सहभागिता रहेको सचिव विनयराज गौतमले बताए ।

## खुद्रा कपडापसलमा ग्राहकहरूको भीड

प्रस, वीरगंज, १ मङ्सिर/

वीरगंजको बजारमा छठ पूजामा पनि खासै रौनक देखिएन । दशैं, दीपावलीपछि

बस्नुपरेको र यहाँका ग्राहकहरू सीमापारि रक्सौल गएका र सीमापारिका ग्राहकहरू वीरगंज ब्यारेकनजीक रहेको खुद्रा





कपडा खरीद गर्नको लागि यो बजारमा भीड बढेको हो । प्रत्येक वर्ष खुद्रा पसलमा यस प्रकारको भीड देखिने गरिएको छ । सस्तोमा जिन्सलगायतका कपडा पाउने हुनाले सीमावर्ती भारतीय उपभोक्ता र पर्साका ग्रामीण क्षेत्रका उपभोक्ताहरूको भीड लाग्ने गरेको छ ।

यसका साथै घण्टाघर, माईस्थानमा रहेका चप्पल पसलमा पनि ग्राहकहरूको भीड छ । नयाँ जुत्ताचप्पल खरीद गर्नको लागि सो क्षेत्रमा भीड लागेको छ । छठ पूजाका सामग्री खरीद गर्नको लागि

छठ पर्वमा बजारमा चहलपहल बढी देखिए पनि बिक्री खासै नभएको व्यापारीहरूले बताएका छन् ।

घण्टाघरदेखि आदर्शनगरसम्मको मुख्य बजारमा शटर भाडामा लिएर व्यापार गरेकाहरूले बिक्री नभएको गुनासो गरेका छन् । उनीहरूले दशैं, दीपावलीपछि छठमा बिक्री हुने आशा गरेको तर छठमा पनि आशाप्रदरूपमा बिक्री नभएको बताएका छन् ।

आदर्शनगरका व्यापारी अजय प्रजापतिले शटरवाला व्यापारीहरूको बिक्री सन्तोषजनक नभएको बताए । व्यापारीहरू दिनभरि ग्राहक कुरेर




तस्वीर: प्रतीक

कपडापसलहरूमा झुम्मिएका देखिए । ब्यारेकनजीकको खुद्रा बजारमा भारत र ग्रामीण क्षेत्रका ग्राहकहरूको भीड दीपावली सकिएलगत्तै बढेको र आजसम्म भीड उत्तिकै छ ।

माईस्थान, मीनाबजार, टेलिकम अफिस, घण्टाघर र बिपी पार्कमा भीड छ भने घण्टाघरदेखि आदर्शनगरसम्मका सटरवाला पसलमा भने ग्राहकहरूको भीड देखिंदैन ।

## रूँगटा वेलफेयरद्वारा एक हजार गरीबलाई साडी वितरण

प्रस, वीरगंज, १ मङ्सिर/

रूँगटा वेलफेयर सोसाइटी र ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको आयोजनामा छठ पूजा गर्ने गरीब, दलित, असहाय महिलाहरूलाई साडी वितरण गर्ने कार्य जारी छ ।

ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले गोवर्द्धन पूजाको दिनदेखि वीरगंज कारागारका कैदीबन्दीहरूलाई साडीलगायत छठ पूजाको लागि आवश्यक सामानहरू प्रदान गरेर यस वर्षको कार्यक्रम शुरू गरेको र बिहीवारसम्म एक हजार साडी वितरण गरिसकेको बताए । उनले बिहीवारसम्म महानगरका पिछडिएका वडाहरूमा बसोबास गर्ने गरीब, दलित, असहाय महिलाहरूलाई




तस्वीर: प्रतीक

साडी वितरण गरिएको र हालसम्म एक हजार थान साडी वितरण भएको र थप पाँच सय वितरण गर्ने योजना रहेको बताए । कार्यक्रममा रूँगटा वेलफेयरका सुरेश रूँगटालगायतको सहभागिता रहँदै आएको छ ।

## तीनजना युवक घाइते, चारजना पक्राउ

नरेश यादव, पर्सागढी, १ मङ्सिर/

पर्सागढी नगरपालिका–२ मा गएराति झगडा हुँदा तीनजना घाइते भएका छन् ।

वडा नं २ र ३ का युवाहरूबीच झगडा भएको र सो झगडामा फुर्वा लामा, उत्सव चौलागाईं र सन्चोक लामा घाइते भएका हुन् । उनीहरूलाई वीरगंजस्थित अस्पतालमा उपचारको लागि भर्ना गरिएको छ ।

घटनामा प्रहरीले रोहण महतो, आदित्य दास थारू, सुचित दास थारू, उदीत दास थारूलाई पक्राउ गरेको छ । उनीहरूलाई प्रहरी चौकी मनवाले नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले जनाएको छ । झगडाको कारण भने थाहा हुन सकेन ।

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**निद्रासँग यतिधेरै माया नगर कि लक्ष्य पनि सपना बन्न पुगोस् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# बाल सुधारगृह

**नेपालका बाल सुधारगृहहरूमा झडप तथा तनावको अवस्था दिनानुदिन बढ्दो छ । बितेको भदौ ३ गते भक्तपुरस्थित बाल सुधारगृहमा एकजना बालकको मृत्यु भएपछि उब्जिएको तनावका कारण बालकैदी र प्रहरीबीच झडप भएपछि झन्डै २५० जना बालकैदी बाहिर निस्किए। त्यसैगरी, भदौ २६ गते वीरगंजको बाल सुधारगृहमा उत्पन्न तनावमा ११ बालकैदी र तीनजना प्रहरी घाइते भए। असोज ४ गते राति बाँकेको बाल सुधारगृहमा दुई समूहबीच भएको झडपमा एकजना बालकैदीको मृत्यु र १० जना घाइते भए । वीरगंजको बाल सुधारगृहमा अहिले पुनः विवाद भयो। एउटै बाल सुधारगृहमा दुई महीना बित्दा नबित्दै दोस्रोपटक विवाद भएको हो ।**

**कुनै पनि अपराधमा संलग्न भएर बाल सुधारगृह पुगेका बालबालिकालाई असल व्यवहार सिकाउने, असल चरित्र निर्माण गर्ने भनिए पनि त्यहाँ रहेका बालबालिकाले पोषणयुक्त खानादेखि उपयुक्त पढ्ने वातावरण नपाएका विभिन्न अध्ययनले देखाएका छन् । अपराधमा संलग्न भई सुधारगृहमा रहेका बालबालिकालाई हौसला र प्रेरणा दिन उमेर समूह अनुसार उनीहरूलाई व्यवस्था मिलाउनुपर्नेमा त्यसो हुन सकेको पाइँदैन। धेरैजसो बाल सुधारगृहमा बालबालिकालाई दिइनुपर्ने आधारभूत सुविधाका साथै मनोपरामर्श नदिइँदा बालबालिकामा सुधारका लक्षण कम हुँदै गइरहेका छन् । बालबालिकाको उमेर १६ वर्षबाट बढाएर १८ वर्ष पुऱ्याएपछि सुधारगृहहरूमा बालबालिकाको सङ्ख्या बढेको बताइन्छ। धेरैजसो १६ देखि १८ वर्षका बालबालिका अपराध घटनामा संलग्न भएर बाल सुधारगृह पुगेका देखिन्छन् । ती बालबालिका सुधारगृहमैं रहँदा १८ वर्ष लागेमा उनीहरूलाई छुट्टै राख्नुपर्ने व्यवस्था छ। तर भौतिक संरचना अभावका कारण १८ वर्षमुनि र १८ वर्षमाथि दुवै समूहलाई एकै स्थानमा राखिँदै आएको छ । बाल सुधारगृहको उद्देश्य अनुसार काम हुन सकेको छैन। बालबालिकालाई सुधार्ने हो भने उनीहरूलाई विभिन्न सीप सिकाउने, उचित शिक्षा दिने र मनोपरामर्श दिने काम अनिवार्य छ । राजनीतिक पद्धति बदलिएर लोकतन्त्र आए पनि लोकतन्त्रको मर्म तथा भावना अनुसार कारागार एवं बाल सुधारगृहमा सुधार हुन सकेको छैन । बालबालिकालाई सुधार गर्नका लागि उनीहरूलाई छुट्टै भवनमा राखेर मात्रै हुँदैन । त्यसका लागि बनाउनुपर्ने संरचनादेखि विज्ञको व्यवस्थालगायत कुनै पनि कुरामा ध्यान दिइएको पाइँदैन ।**

**एउटा व्यक्तिको चरित्र निर्माणका लागि धेरै कुरामा ध्यान दिनुपर्छ, जुन ध्यान दिनुपर्ने हो, त्यो गरिएकै छैन। १८ वर्ष पुगिसकेकाहरूलाई त्यसभन्दा कम उमेरका बालबालिकासँगै राख्दा व्यवस्थापन गर्न गाह्रो हुन्छ । त्यस कारण केही व्यवस्थापकीय, केही कानूनी र खासगरी उनीहरूको व्यवहार सुधारमा ध्यान दिनुपर्छ। भक्तपुर र वीरगंजका कारागारहरूमा रहेका बालबालिकाको पनि व्यवहार सुधार गर्न सकिएको भए घटना दोहोरिने थिएन। विभिन्न अपराधमा जोडिएकाहरूको मनोविज्ञान पनि फरक हुन्छन्, उनीहरूलाई मिसमास गरेर राख्दा पनि समस्या आइरहेको छ। बाल सुधारगृहको सुधार गर्ने हो भने बालबालिकाले गरेका कसूर अपराध नभइ गलती हो भन्ने मान्यता राख्नुपर्छ। पटकपटक बाल सुधारगृहहरूमा तनावका घटना हुनु पक्कै पनि राम्रो होइन। बाल मनोविज्ञान अति नै संवेदनशील हुने भएकोले समस्याको समाधान गर्न [redacted] यसलाई संवेदनशील ठानेर सकेसम्म [redacted] गर्न जरुरी छ ।**

# बजारवादले क्वाप्पै निलिसकेको हाम्रो देखावटी राष्ट्रियता

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**खिचडीयुक्त चाडपर्व र संस्कृतिमा रमेका नेपालीलाई उपभोक्तावादले सहजै प्रभावमा पार्दै गरेको छ। अहिले नयाँ वर्ष, जन्मदिन, न्यु इएर इभ र वर्षमा कम्तीमा बाह्र वटा बर्थडे भोजमा सहभागी नभएको व्यक्ति अब अपवादमा मात्रै भेटिएला ।**

सामाजिक सद्भाव र राष्ट्रिय सुरक्षाको दुहाइ दिएर यसै हप्ता नेपाल सरकारले टिकटक बन्द गरेको छ । बिमारीको उपचार गर्नुभन्दा रोगीलाई नै मारेर बिमारीबाट छुटकारा पाउने गजबको उपाय नेपाल सरकारले गरेको छ । यतिबेला नेपाली समाजलाई बजारवादले चारैतिरबाट हमला गरेको छ। बजारवाद भनेको के हो ? आउनुस् यसबारे थोरै छलफल गरौं ।

आफ्नो उपभोगका निम्ति सामान वा सेवा खरीद गर्ने क्रेता र सामान–सेवा बिक्री गर्नेलाई सामान्य अर्थमा बजार भन्नु र बुझ्नुपर्छ । बजारको इतिहास खोतल्न ५०० वर्ष पहिलेको समयमा पुग्नुपर्छ, जहिले सर्वाधिक महत्त्वको सिक्का अर्थात् मुद्राको प्रचलनमा व्यापकता आयो। सामन्तवादलाई पछार्दै र सङ्क्रमणकाल चिर्दै जब प्रगतिशील शिल्पी र व्यापारीहरू शक्तिशाली बन्न पुगे, तब १८औं शताब्दीको उत्तरार्द्धमा युरोपमा जेम्स वाटले अर्धस्वचालित वाष्प इन्जिन आविष्कार गरे । त्यस आविष्कारसँगै उत्पादनमा भएको अस्वाभाविक वृद्धिका कारण उत्पादित सामान कुनै निश्चित स्थानमा थुपारेर विनिमय गर्नुपर्ने बाध्यात्मक स्थिति पैदा भयो। यही परिस्थिति र कालखण्डमा एडम स्मिथद्वारा लेखियो, दि वेल्थ अफ नेसन्स, जसको सारतत्त्व 'ग्रीड इज गुड' (लोभ गर्नु राम्रो हो) भन्ने थियो। उनको अवधारणा अनुसार बजारको सम्पूर्ण प्राधिकार व्यक्तिलाई दिनुपर्छ, किनकि 'अदृश्य हात'ले नै बजारको अर्थतन्त्र चलायमान बनाउँछ । यही प्रक्रियाले सामाजिक हित हुन्छ भन्ने मान्यता उनको थियो । आजसम्म पनि अधिकांश मानिसको बजारप्रतिको बुझाइलाई प्राण भरण गर्दै आएको स्मिथियन दृष्टिकोणले नै हो। त्यसविपरीत करीब सय वर्षको अन्तरालमा, सन् १८६७ मा कार्ल मार्क्सले 'पूँजी' भन्ने पुस्तक जनतासामु ल्याएपछि आधुनिक अर्थशास्त्रको नियमको सन्दर्भ दिंदै लुट मचाइरहेको पूँजीपति वर्गमा चुनौती थपियो। अदृश्य हातले कुम्ल्याएको अपत्यारिलो र मनग्ये नाफालाई आलोचनात्मक मार्क्सवादी विचारधाराले खुलस्त मात्रै पारेन, कारण र तथ्यहरूको सूचीसमेत तर्कपूर्ण ढङ्गले औंल्याइदियो। बजारद्वारा निर्देशित विचारधारालाई 'बजारवाद' भनिन्छ। उपभोक्ताको श्रम र पूँजी लुट्ने ध्याउन्नमा निर्माण भएको विचारधारा नै 'बजारवाद' हो ।

पहिले समाजको आवश्यकताअनुरूप बजार निर्माण हुन्थ्यो, अहिले उल्टो भएको छ। बदलिंदो सामाजिक परिस्थितिले ल्याएको विनिमय र वितरणको चक्रले प्रादुर्भाव भएको बजारको अवधारणालाई मुठीभरका मानिसले कब्जा गरी विज्ञापन, सञ्चार, इन्टरनेट र अन्य माध्यमबाट बाँकी आम मानिसलाई भावनात्मकरूपमा धकेलेर लुट्ने धन्दा बजारवादले चलाइरहेको छ। आधुनिक पूँजीवादले समाजमा बजारको दबदबा निरन्तर कायम गर्ने काम गरिरहेको छ भने यसका अनुयायीहरूले समाज सञ्चालन, नियन्त्रण र नेतृत्वसमेत गर्ने गरेको देखिन्छ । विश्वबजार नाफा कुम्ल्याउने असामाजिक स्थल बन्न पुगेको छ । त्यसैगरी, सामाजिक सद्भाव, मितव्ययिता र परस्पर विनिमय आदि प्रक्रिया मृततुल्य छ। मानिस–मानिसबीचको सम्बन्ध केवल क्रेता र विक्रेताको हदसम्म सीमित छ भने त्यो 'अर्थमानव' नवपुस्ता असंवेदनशील, असहिष्णु र बेइमान बन्दैछ। त्यस पुस्तालाई पैसाबाहेक अरू विषयमा सोच्ने फुर्सद छैन। 'पैसा भए सबैथोक बजारमा किन्न पाइन्छ' भन्ने भ्रमित र विद्रुप विचारद्वारा प्रशिक्षित पुस्ताले वैज्ञानिक खोज–अनुसन्धान र कला–कौशल सिर्जनामा भन्दा पैसा कमाउने र रमाउने जीवनशैली रोजेको देखिन्छ, जसका कारण मानव विकासमा समेत नकारात्मक असर परेको देखिन्छ।

बजारवादद्वारा संवेदनामा गरिएको आक्रमणले आम मानिसको मनोविज्ञान त्रस्त छ । बजारवादी संस्कृतिले मानिसलाई दम्भीका साथै अवसरवादी, नाजायज साँठगाँठमा कुशल र तिकडमबाजी कलामा निपुण बनाउन सफल छ । बजारवादी वैचारिकीले निर्माण गरेको सोच्ने र बाँच्ने जीवनशैली निर्देशित गर्ने सामाजिक व्यवस्थाको टड्कारो समस्या हो यो। उपभोक्तावादी आधुनिक अर्थशास्त्रले कुनै पनि सामान वा सेवाको अन्तिम उपयोगकर्तालाई नै उपभोक्ता भन्ने गरेको छ। उपभोक्ता र ग्राहक गरी दुई फरक पक्षको अप्राकृतिक भूमिका सिर्जना गरी भ्रमजाल खुटचाउन गाह्रो छैन । ग्राहकले नाफाहेतु सामान वा सेवा उपभोक्तालाई बेच्न वा आफैं उपभोक्ता बन्न सक्छ, तर उपभोक्ताले यसो गर्न सक्दैन । यसरी अर्थतन्त्रमा विभिन्न तहगत संरचना र भूमिका सिर्जना गरी सानो हिस्साको समूहले ठूलो हिस्सालाई ठगिरहने दुष्चक्र निरन्तर चलिरहेको छ । परिणामतः धनी र गरीबबीचको दूरी दैनन्दिन बढ्दो छ । बजारवादको वैचारिकीमा उभिएको उपभोक्तावादी संस्कृति यस्तो प्रवृत्तिको सांस्कृतिक मान्यता हो, जहाँ बढी उपभोग गर्नु र वस्तुको स्वामित्व हुनुलाई सर्वोपरि सुख र खुशीको मानक मानिन्छ। उत्पादक र उपभोक्ताबीच सीधा सम्पर्क नगराई बिचौलियाको रूपमा चलखेल गरी निश्चित वर्गले विनाश्रम बजारवादका माध्यमबाट अकुत कमाउँछ ।

बजारवादको उच्चतम सफलता व्यक्तिलाई अनुत्पादक बनाइ उपभोक्तावादी बनाउनु हो । उपभोक्तावादको इतिहास पछ्याउँदै जाँदा १९औं शताब्दीको मध्यताका युरोप र अमेरिकामा प्रारम्भिक चरणमा छिटपुट देखा परेको भए तापनि वास्तविक रूपमा सन् १८७० देखि १९१४ सम्मको दोस्रो औद्योगिक या प्राविधिक क्रान्तिको कालखण्डलाई मान्न सकिन्छ। सन् १९१८ को अन्त्यमा जब पहिलो विश्वयुद्ध समाप्त भयो, तब दोस्रो औद्योगिक क्रान्तिबाट पेट्रोलियम, सञ्चार, स्टील उत्पादन, विद्युतीय शक्तिमार्फत शक्तिशाली बन्दै आएको अमेरिकाले प्रचुर मात्रामा उत्पादित मालसामानलाई रेलमार्गमार्फत भूमण्डलीकरण गर्दै नाफाको व्यापारमा परिणत गरेको देखिन्छ। यसै युद्धोत्तर कालमा अर्थशास्त्री गुस्ताव कसेलद्वारा 'पर्चेजिङ पावर प्यरिटी थिअरी' अर्थात् क्रयशक्ति समता सिद्धान्त प्रतिपादित गरियो । यस सिद्धान्तले संसारभरका देशहरूको क्रयशक्तिलाई अमेरिकन डलरसँग दाँज्न अहम् भूमिका खेलेको देखिन्छ । पहिलो विश्वयुद्धपश्चात्को दशकमा अमेरिकी अर्थतन्त्रले उच्चतम सफलता हासिल गर्दै थियो र दोस्रो विश्वयुद्धमा विजय भएसँगै संसारकै सर्वशक्तिमान मुलुकका रूपमा दर्ज हुन पुग्यो। उपभोक्तावादी संस्कृतिको उन्नयन र बढोत्तरी पनि युद्धोत्तरकाल अर्थात् २०औं शताब्दीको मध्य समयदेखि हालसम्म निरन्तर आरोहणमा छ।

नेपाली समाजमा एक शतकभन्दा लामो कालखण्डयता वैश्विकरूपमा हैकम चलाउँदै आएको उपभोक्तावादले सबैभन्दा ठूलो प्रभाव मध्यम वर्गलाई पारेको छ। नेपाली समाजमा पनि उक्त संस्कृतिको प्रभाव बहुआयामिक ढङ्गले परेको देखिन्छ। दृष्टान्तको रूपमा असमान गोर्खा भर्ती सन्धि, १९४७ अघि र पछि भर्ती भई मध्यम वर्गमा उक्लेका जनजातिलाई हेर्न सकिन्छ। अपवादबाहेक भर्ती भएका त्यस समुदायको नयाँ पुस्ताको उपभोक्तावादी चिन्तन र जीवनशैलीले उनीहरूको मौलिक चिन्तन र सांस्कृतिक प्रणाली कमजोर पारेको छ। त्यसैगरी, वैदेशिक रोजगारको क्षेत्रमा श्रम शोषणमा पर्दै विप्रेषण (रेमिटचान्स)मार्फत देशको अर्थतन्त्र चलायमान गराइदिने श्रमिक र मजदूरको एउटा तप्का पनि मध्यम वर्गमा पुगेको छ । यो वर्गका परिवारलाई पनि उपभोक्तावादी संस्कृतिले गर्‍हौं भारी बोकाइदिएको देखिन्छ। शहरमा चार आनामा कम्तीमा चार कोठे घर, भए चार, नत्र दुई पाङ्ग्रे सवारीसाधन, कम्तीमा चार तोला सुनको प्रदर्शन, चारवटा एप चलाउन, ढङ्ग नपुगे पनि, आइफोन र महँगा एन्ड्रोइड मोबाइल सेटमा कम्तीमा दुई फरक कम्पनीका सिम कार्ड र जङ्कफूड उपभोगमा मस्त देखिन्छ यस्तो परिवार समूह। नेपालीले विभिन्न उत्सवका रूपमा मनाउने मौलिक चाडपर्वमा बाह्य संस्कृतिको मिसमासले नयाँ खिचडी पर्व निर्माण हुन पुगेको छ।

खिचडी चाडपर्व र संस्कृतिमा रमेका नेपालीलाई उपभोक्तावादले सहजै प्रभावमा पारेको छ। अहिले नयाँ वर्ष, जन्मदिन, न्यू इयर इभ र वर्षमा कम्तीमा १२ वटा बर्थडे भोजमा सहभागी नभएको व्यक्ति अब अपवादमा मात्रै भेटिएला। धेरै चाडपर्व मनाउने हिन्दूहरूमा समेत बर्थडे केक नकाट्ने घर विरलै पाइएला। तिहारको सन्दर्भलाई उजागर गर्दा थप बुझिन्छ। तिहार पर्व विशेषगरी नेपाल र भारतका हिन्दू धर्मावलम्बीको चाड भनिए पनि हप्ता दिनसम्म विद्युत् शक्तिको भरपूर खपत गरिदिने झिलिमिली बत्तीका त्यान्द्रा, निधारमा लगाइने रङ, आदानप्रदान गरिने गिफ्ट, खाद्य–पेय पदार्थ, तासका पत्ती, बज्ने र नचाउने स्पिकर विदेशी बहुराष्ट्रिय कम्पनीका मालसामान हुन्। त्यसो हुँदा कथनीमा हाम्रो र करनीमा अर्काका भइसकेका छन् मौलिक चाडपर्व र संस्कृतिहरू। बहुराष्ट्रिय कम्पनीद्वारा उत्पादित 'नेपाल आमाको जय' अङ्कित टी–सर्ट र फेटा गुथ्दै चर्का राष्ट्रवादका भजन गाइरहेछन् एकथरि मान्छे। भाङ्ग्रा र खेन्जा लगाउँदै विदेशी रक्सीमा नाचिरहेका छन् पहिचानवादीहरू। साम्राज्यवाद मुर्दाबादको चर्को नारा साउन्ड सिस्टममा भटचाइरहेका छन्, क्रान्तिकारीहरू।

न्यूनतमवादी (किफायतवादी) संस्कृतिको अवलम्बन कुनै पनि वस्तुको स्तरीयतासँग सम्झौता नगरी विवेकपूर्ण, तर्कशील र किफायती ढङ्गले प्रयोगमा ल्याउने चिन्तनलाई 'न्यूनतमवाद' भनिन्छ। न्यूनतमवादीहरू सङ्ख्यामा होइन, स्तरीयतामा विश्वास राख्छन्। बाँच्नका लागि खान्छन्, खानका लागि बाँच्दैनन्। सन् १९१५ मा रूसी चित्रकार एवं कला सिद्धान्तकार काजिमिर मालेविचले सेतो पृष्ठभूमिमा कालो वर्गाकार चित्रण गरेर न्यूनतम रङको प्रयोगले आफ्नो कला प्रस्तुत गर्न सकिने अवधारणा ल्याएसँगै कला क्षेत्रमा न्यूनतमवादको प्रादुर्भाव भएको थियो। दोस्रो विश्वयुद्धोत्तर कालखण्डको ६०–७० को दशकमा एकातिर अधिकतमवादी र उपभोक्तावादीको दबदबा हावी हुँदै थियो, अर्कोतिर अमेरिकी भूमिमैं न्यूनतमवादीहरू कला र जीवनशैलीसमेत किफायती संस्कृतिमा बनाउने अभ्यासमा लागेका थिए। स्केन्डिनेभियन मुलुकमा समेत प्रशस्त मात्रामा यस्तो अभ्यास भएको पाइन्छ । १८औं शताब्दीका फ्रान्सेली दार्शनिक डेनिस डिडरोट आर्थिक अभावबाट गुज्रेका थिए, तर रूसी धनाढ्य महिलाले उनको पुस्तकालय किनेपछि मनग्ये पैसा हात पर्‍यो र शुरू भयो उनको नयाँ सरसामानप्रति मोह। उनको त्यस्तो मोहलाई मनोवैज्ञानिकहरूले 'डिडेरोट इफेक्ट' (परिवर्तित असर)का रूपमा वर्णन गरेका छन्। न्यूनतमवादी संस्कृति अनुसरण गर्न उक्त 'डिडेरोट असर'बाट जोगिने उपायहरू सुझाइएका सामग्री इन्टरनेटमा प्रशस्त भेटिन्छ।

किफायती बन्नु र कन्जुस हुनु फरक प्रवृत्ति हो। यो संस्कृति निर्माण गर्नु प्राकृतिक स्रोतसाधनको दोहन र अतिक्रमण रोक्ने चेतको विकास र यही विचारको प्रवर्द्धनमा लाग्नु हो। यहाँ एउटा सन्दर्भ जोड्नु श्रेयस्कर लाग्यो। एकजना न्यूनतमवादी पत्रकार साथीले दुई वर्षको खाडी मुलुकको बसाइँमा एक टुक्रा कपडासमेत नकिनेको आफ्नो भोगाइ सुनाउँदा मैले सोधें–"तपाईंको मासिक तलब कति थियो ?" उनले खिसिक्क हाँसेर 'डेढ लाख' भन्दा अचम्ममा परेको थिएँ । बजारवादले केवल दुई थोक उत्पादन गरिदिएको छ, एक–किन्ने सामान (वस्तु) र दुई किनेर भोग्ने व्यक्ति (उपभोक्ता)। यसरी मानव 'मालकरण' वा 'वस्तुकरण'को प्रक्रियामा होमिएको छ । न्यूनतमवादी संस्कृतिले व्यक्तिको जीवनशैलीलाई विवेकी उपभोक्ता बनाउन र उपभोक्तावादविरुद्ध आन्दोलनमा सहायक भूमिका निर्वाह गर्न मदत गर्छ। तर बजारवाद र यसको मुख्य अवयवको रूपमा मौलाएको उपभोक्तावादी संस्कृतिलाई क्रमशः न्यूनीकरण गर्दै आमूल परिवर्तन गर्न मूलतः राजनीतिक व्यवस्थामैं धक्का नदिएसम्म बजारवादबाट मुक्ति सम्भव छैन। अतः सङ्घीय लोकतान्त्रिक गणतन्त्रको खोलभित्र लुकेको दलाल पूँजीवादी व्यवस्था समाप्त गरेर वैज्ञानिक समाजवादी व्यवस्था बहाल गर्न जरुरी छ।

**लाखौं ...**

पूजा आराधना गरेर छठ पर्व विधिवत्‌रूपमा समापन हुन्छ।

**ग्रामीण क्षेत्रमा पनि छठघाटको तयारी अन्तिम चरणमा**

प्रस, पोखरिया/

पर्साको ग्रामीण भेगमा छठको तयारी शुरू भएको छ। ग्रामीण क्षेत्रमा रहेका पोखरी, नदी, तलाउमा सरसफाइ तथा सजावटका कार्य भइरहेका छन्।

पोखरिया नगरपालिकाको वनकटवा, बर्वा, गोविन्दपुर, श्रीसिया, वसन्तपुरलगायतका गाउँमा रहेका पोखरी, नदी, तलाउमा स्थानीय युवा, छठ पूजा समिति, क्लबहरूले सरसफाइ तथा सजावटका कार्य गर्दैछन्।

यसैगरी, विन्ध्यवासिनी, पर्सागढी, बहुदरमाई, कालिकामाई, धोबिनी, पकाहामैनपुर, छिपहरमाई, जगरनाथपुर लगायतका पालिकाहरूमा पनि सरसफाइ तथा सजावटका काम भइरहेका छन्। यसका लागि पालिकाले पनि पाँचदेखि १० लाखसम्म बजेट विनियोजन गरिएको वडाध्यक्ष लछुमन साहले बताए।

यस वर्ष मङ्सिर ३ गते सँझियाघाटको अर्घ्य दिने र ४ गते बिहानको अर्घ्य दिई छठ पर्व विधिवत्‌रूपमा समापन हुने पुरोहित सन्तोष दुबेले बताए।

यसैगरी, छठ पूजाको लागि चाहिने सामग्रीको मूल्य निकै बढेको मुडलीका सुनील चौरसियाले बताए। छठपूजामा उखु, सक्खर, कागती, नरिवल, अदुवा, फलफूल, मिठाइ, सुथनी, सुपारी, बाँसबाट बनेको सुपुली, डलिया, माटाका सामग्रीहरूको मूल्य बढेका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

[redacted]

# वाटिका




# छठ : भित्र्याउँदै आधुनिकता

छठ पबनीलाई कतिपयले सूर्योपासनाको पर्व बताउने गरेका छन्, जुन होइन । पहिले अस्ताउँदै गरेको सूर्यलाई अनि भोलिपल्ट उदाउँदै गरेको सूर्यलाई अर्घ्य दिने चलन अवश्य छ तर पहिलेदेखि मान्दै आएकाहरूलाई थाहा छ, यो पर्वको एउटा अङ्ग हो। मूलरूपमा यो लोकदेवी छठीमाईको पबनी हो ।

परम्परादेखि मान्दै आएकाहरूलाई थाहा छ, छठमा खरनाको दिन निराहार बस्छन्, व्रतालुहरू। निराहार बसेर राति खरना गर्छन् । कतिपयले खरनालाई खीरपुरी पनि भन्छन् । पुरी आधुनिकताको दृष्टान्त हो । यसमा वास्तवमा चामलको रोटी चढाइन्छ । आजभोलि चामलमा केही मात्रामा अन्य सामानहरू पनि मिलाउन थालिएका छन्।


तस्वीरः लेखक

खीर, रोटी, मूला अनिवार्य हुन्, खरनामा चढाउनका लागि। खरनामा छठीमाईकै पूजा हुन्छ। कुनै मूर्ति वा तस्वीर वा कुनै प्रतीक चिह्न हुँदैन, परम्परागत खरनामा। पवित्र कोठाभित्र वा आँगनमा राम्ररी लिपपोत गरिएको ठाउँमा केराको पातमा खीर, रोटी र मूला मूल प्रसादसहित अन्य विभिन्न सामग्रीहरू प्रसादको रूपमा अर्पण गरिन्छ, छठीमाईलाई। यही खरना पूजा मूल पूजा हो, छठीमाईको ।

खरना नै मूल पूजा यस अर्थमा हो कि छठ पबनी गर्नेमध्ये जो अशक्त हुन्छन् वा कुनै कारणले पूरा व्रत गर्न सक्दैनन् भने यही खरना गरेपछि छठ पबनी गरेसरह मानिन्छ। कसैले खरना नगरी छठ गरेको मानिन्न। निस्सन्देह, कात्तिक शुक्ल पञ्चमी तिथिको दिन खरना गरिन्छ । अझै पनि यस्ता धेरै मानिस छन्, जो खरना मात्र गर्छन् । छठको खरना, स्त्री र पुरुष दुवैले गर्न सक्छन्। सामान्यतया छठ पबनी महिलाले लिने व्रत हो तर पुरुषलाई बन्देज छैन। पुरुषले पनि यदाकदा छठ पबनी गर्ने गरेको पाइन्छ ।

कात्तिक शुक्ल पञ्चमीको दिन निराहार व्रत बसेर साँझ खरना पूजा गरी खरनामा छठीमाईलाई चढाइएको प्रसाद ग्रहण गर्छन् । छठ पबनीको व्रत बस्नेहरूले खरनाको प्रसाद खान्छन् र पानी पिउँछन् । दिनभर अन्नको गेंडा वा पानीको थोपा पनि मुखमा हाल्न नपाउने व्रतालुहरूले खरनाको प्रसाद तृप्त हुनेगरी खान्छन्। अनि फेरि व्रत बस्नुपर्ने हुन्छ । भोलिपल्ट षष्ठीको दिन पनि पूरै निराहार व्रत बस्छन् । निराहार व्रत बसेका व्रतालुहरू सूर्यलाई अर्घ्य दिन घाटमा जान्छन्। अधिकांश ठाउँमा अब घाटमैं रात बिताउने चलन चलिसकेको छ तर घाटमा बस्नै पर्छ भन्ने चाहिं होइन। एक किसिमले यो पनि आधुनिकता नै हो । पछिल्लो एक दशकमा गाउँदेहाततिर पनि छठघाटमा रातभर जाग्राम बस्ने आधुनिक प्रवृत्तिको विकास भएको छ।

षष्ठीको साँझमा अस्ताउँदै गरेको सूर्यलाई अर्घ्य दिएपछि राति फेरि छठीमाईको पूजा हुन्छ। छठीमाईको पूजा सामूहिकरूपमा गर्ने चलन छ। यसलाई कोसिया भन्ने गरिन्छ । कोसियामा व्रतालुहरू अनिवार्यरूपमा सहभागी हुनुपर्छ। गाउँदेहातमा अझै पनि जहाँ घाटमा राति जाग्राम बस्ने गरी व्यवस्थापन गरिएको हुँदैन, त्यहाँ राति सबै व्रतालु आफ्नो घरबाट छठको दउरा लिएर कोसिया भएको ठाउँमा पुग्छन् नै। यदि घाटमैं व्रतालुहरूको लागि बस्ने गरी जाग्रामको व्यवस्थापन गरिएको छ भने त्यहाँ पनि धेरैले कोसियाको भाकल पूरा गर्छन्, कोसियाको भाकल पूजा गर्छन्। कोसिया पनि दुई किसिमका हुन्छन्, हात्तीवाला र विनाहात्तीवाला । भाकलको आधारमा दुवै मनाइएको पाइन्छ। षष्ठीको रातमा छठघाटमा धेरैले कोसिया गरेको हो भन्ने कुरा सजिलै चिन्न सकिन्छ। कोसिया पूजा पनि सूर्य पूजा होइन । सप्तमीको दिन उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै छठ पबनी समापन भएको मानिन्छ। यसको मूल कारण हो दिन बदलिनु अर्थात् षष्ठीबाट सप्तमीमा प्रवेश गर्नु ।

अझै पनि ग्रामीण मान्यता यो रहेको छ कि सूर्योदय नभएसम्म दिन बदलिंदैन। जसको दिन हुन्छ, उसैको रात हुन्छ । सामान्यतया मध्यरातदेखि नयाँ दिन हुने गरेको मानिन्छ तर सामाजिक व्यवहारमा मुख्यरूपमा चाडपर्वको दृष्टिकोणले मध्यरातमा नयाँ दिन हुने कुरोलाई स्वीकार गरिएको पाइन्न। बरु यो विचार गर्न थालिएको छ कि सूर्योदय कतिबेला हुन्छ । कुनै वर्ष छठको पारन अर्थात् उदाउँदो सूर्यलाई अर्घ्य दिने दिन कुहिरो लागेको छ भने विचार गरिन्छ कि आज सूर्योदय हुने समय कुन हो ? सूर्योदय हुने समय नाघेपछि अर्थात् नदेखिए पनि औपचारिकरूपमा सूर्योदय भएपछि कतिपय ठाउँमा नदेखिएको सूर्यलाई पनि अर्घ्य दिएर पबनीको समापन गरिन्छ। पबनीको समापनको लागि सूर्योदय अनिवार्य छ तर सूर्य देखिनै पर्छ भन्ने चाहिं होइन।

माथि अलिकति प्रसङ्ग आइसकेको छ कि छठ पर्वमा खरनामा आधुनिकता आउन थालेको छ, छठघाटमा राति जाग्राम बस्ने विषयमा आधुनिकता आउन थालेको छ । पहिले छठघाटमा राति जाग्राम बस्दा नाटक देखाइने चलन थियो। नाटक देखाउने चलन अझै पनि हराइसकेको छैन। नाटक देखाउन चलन अझै रहेको छ तर बिस्तारै कम हुन थालेको भने अवश्य हो । अब यसमा आधुनिकता आएर जागरणाले कार्यक्रमको रूप लिन थालेको छ । पछिल्लो दशकमा यसले निकै विस्तार पाएको छ। बाहिरबाट कलाकार बोलाएर कलाकारहरूको प्रस्तुति हेर्दै रातभर जाग्राम बस्ने चलन बढ्दो छ। छठघाटमा रात बिताउने गरी जाग्राम बस्ने प्रवृत्तिको विकास हुँदै जाँदा छठघाटलाई अत्यधिक सजाउने, रातभरि त्यहाँ बस्नको लागि कम्तीमा शीतबाट जोगाउने तथा जाडोको हावाबाट जोगाउनको लागि त्यही किसिमको आधुनिक टेन्टको व्यवस्था गरिन थालिएको छ। टेन्टमा आधुनिक झिलीमिली बनाउन थालिएको छ। यसरी छठको सम्पूर्ण रूप बाहिरी सजावट आधुनिक हुन थालेको छ।

समाजको आर्थिक स्तर उकासिंदै जाँदा र मानिसमा खर्चको क्षमता वृद्धि हुँदै जाँदा एकातिर सबै क्षेत्रमा आधुनिकता देखिन थालिएको छ । दुई दशकभन्दा पहिले चङ्गा एउटा पहिचान हुने गर्थ्यो छठको तर आजभोलि यो पूरै लोप भइसकेको जस्तो देखिन्छ। जुन उमेरमा मानिस छठघाटमा चङ्गा उडाउँथे, आज उक्त उमेरमा मानिसहरूले भने हातमा मोबाइल लिएर भिडियो बनाइरहेका वा भिडियो हेरिरहेका पाइन्छन् । चङ्गाको लटाइ हुने हातमा मोबाइल पुगिसक्यो । पटाका त अहिले यति उड्न थालेको छ कि हरहिसाब छैन। पहिले पनि पटाका पडकाइन्थ्यो तर अहिले भने पटाकाले छठको आकाश धूवाँ-धूवाँ भइसकेको हुन्छ। अहिलेका बालबालिकाहरूको यो प्रिय खेलौना भइसकेको छ, मन बहलाउने साधन भइसकेको छ । शायदै कोही नवयुवा होला, जसले आफ्नो र साथीहरूको भिडियो नबनाउला। आजको परिवेशमा छठले धेरै आधुनिकता आफूमा समाहित गरिसकेको छ र बदलिंदो परिवेश अनुकूल आफूलाई आर्थिक सरोकारसित सम्बन्ध राख्छ।

लोक आस्थाको महान् पर्वको रूपमा विश्व विस्तार भइसकेको छठ पबनीमा आधुनिकता स्वीकार भइसकेको छ । वर्तमानको धरातलमा टेकेर हेर्ने हो भने जहाँजहाँ छठ मनाइन्छ, सबै भौगोलिक परिवेशमा छठले त्यहाँको स्थानीयता, कृषिको मौलिकता तथा अन्य स्थानीयतालाई अङ्गीकार गरेको छ। साथै हरेक समाजमा आइरहने नवीनता तथा आधुनिकतालाई स्वीकार गरिरहेको छ। छठघाटको उघाटन तथा जाग्रामको पनि उद्घाटन जस्ता यसका नवीनतम दृष्टान्त हुन्। अब आगामी दिनमा विभिन्न नदी तथा पोखरीको किनारमा छठीमाईको मन्दिर बनाउने नयाँ चलनको सुरुआत भयो भने कुनै आश्चर्य मान्नुपर्दैन। अहिले धेरैतिर छठघाटमा स्थायी संरचनाहरू निर्माण भइरहेका छन्, भएका छन् । नदी किनार तथा पोखरीको किनारमा छठघाटको कारणले पनि लगानी बढिरहेको छ । छठ पबनीले सात समुद्र पार गरिसकेको वर्तमानमा अब धेरै देशमा समुद्रको किनार पनि छठ पबनीको लागि सजाइन थालिएको छ। छठले अनेक आधुनिकताका नवीनताहरू अङ्गीकार गर्दै लगेको छ र आउँदा दिनका आधुनिकताहरू पनि यस लोकपर्वले आफ्नो आस्थामा समेट्दै लैजाने विश्वास रहेको छ।


स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com


# छठ : सनातन संस्कृतिको पुरातन महापर्व

"ऊ जे केरवा जे फरेला घवद से,  
ओह पर सुगा मेडाराए ।  
ऊ जे खबरी जनइबो आदित (सूर्य) से,  
सुगा देलें जुठियाए ।  
ऊ (सूर्य) जे मरबो रे सुगवा धेनुक से,  
सुगा गिरिहें मुरछाए ।  
ऊ जे सुगनी जे रोये ले वियोग से,  
आदित होइँ ना सहाय,  
देव होइँ ना सहाय...।"

सर्वप्रथम उपरोक्त गीतको कथा जानौं। व्रतालुको बारीमा केराको बोट थियो। छठ व्रतको लागि केरा राखिएको थियो। केराको झुप्रो वरिपरि एक सुगा मडारिन थाल्यो । व्रतालुले ती सुगालाई केरा टोकेर अशुद्ध गरेमा भगवान् सूर्यसँग गुनासो गर्ने र यस प्रकारको गलती माफीलायक पनि नहुने कुरा अवगत गराइन् । यद्यपि सुगाले केराको झुप्रोमा चुच्चोले टोक्यो । केरा जूठो गऱ्यो ।

सुगाको हर्कतले व्रतालुको मन खिन्न भयो । मानसिकरूपमा खिन्न व्रतालुले सूर्य देवताको ध्यान गर्दै सुगाको हर्कत पोखिन्। अन्ततः सुगा सूर्यदेवको बाणले मूर्छित भयो । त्यसपछि 'सुगनी' अर्थात् सुगाकी पत्नी विलाप गर्न थालिन्। सूर्य देवतासँग करुणा जाहेर गर्न थालिन् । यसरी उपरोक्त संक्षिप्त भोजपुरी लोकगीतमा छठ पर्वको बृहत्त महत्त्व समाहित छ ।

उपरोक्त गीतले छठ पर्वको महत्ता वर्णन गर्दछ। कुनै पनि प्रकारले अशुद्धता मान्य नहुने छठ पर्वमा त्यसो हुन गएमा वा गरेमा सूर्य देउताको क्रोधको भागीदार भइजाने आशयसहित सचेत गराइएको पाइन्छ। छठ पूजामा प्रयोग हुने प्राकृतिक उत्पादनहरूमध्ये केरा पनि एक हो । कालान्तरमा सुगाले टोकेर पूजन सामग्री (केरा) अशुद्ध गरेको प्रसङ्गलाई उद्धृत गरी व्रतालु महिलाहरूद्वारा उपरोक्त छठगीत सिर्जना भएको अनुमान लगाउन कठिन छैन ।

छठ पूजामा प्रयोग हुने अनन्य कृषिजन्य प्राकृतिक सामग्री अशुद्ध गर्नु हुन्न भन्ने कुरा उपरोक्त गीतको भाष्य हो । छठ पर्वको महत्ता स्मरण गराउने उपरोक्त गीतझैं छठ पर्वको प्रसङ्ग वर्णन गर्ने भोजपुरी र मैथिली भाषामा अनेकौं कर्णप्रिय पारम्परिक लोकगीतहरू छन्। सोहीमध्ये निम्न भोजपुरी गीत पनि एक हो।

काँच हिं बाँस के बहँगीया,  
बहँगी चलकत जाए...।

बहँगी अर्थात् काँवरझैं डन्डीको दुवैतर्फ दौराको भार काँधको सहाराले छठघाट पुऱ्याउने संसाधनलाई बहँगी भनिन्छ । अघिअघि बहँगी र पछिपछि गीत गाउँदै व्रतालुहरू छठघाटमा पुग्छन्। यो गीत साँझ र बिहानी पख घरदेखि छठघाट जाँदा व्रतालुहरूले समूहगतरूपमा पारम्परिक लोकगीत गाउँदै जान्छन्।

त्यसैगरी, एक अर्को गीतले छठी माता र व्रतालुबीचको सामीप्यता वर्णन गर्दछ। छठघाटमा पुग्ने बित्तिकै प्रथमतः जलाशयबाट जल ल्याएर 'सिरसोता' अर्थात् छठी माताको प्रतिमूर्तिको पूजापाठ गरिन्छ । द्वितीय चरणमा जलाशयको किनारमा दीप प्रज्वलित गरी सूर्यदेवको पूजा गरिन्छ । त्यसपछि तेस्रो चरण छठी माताको आराधना गर्ने समय हो। अर्थात् सूर्य अस्त हुने बेलासम्म विभिन्न लोकगीतमार्फत निम्न गीतझैं अनेक गीतको माध्यमबाट छठी मातासँग सामीप्यता प्रकट गरिन्छ।

सेविले चरण तोहार,  
हे छठी मैया ।  
महिमा तोहर अपार,  
हे छठी मैया...।

चौथो चरणमा अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गरेपछि कतै तुरुन्तै घर प्रस्थान गरिन्छ भने कतै केही समय अझ बसिन्छ। खासगरी कोशी भाकल गरेका व्रतालुजन अस्ताउँदो सूर्यदेवलाई अर्घ्य अर्पण गरे लगत्तै घर प्रस्थान गर्छन् । किनभने उनीहरूले घरमा पुगी कोशी भर्ने कार्यमा जुट्नुपर्छ। कोशी दुई चरणमा भरिन्छ। पहिलो चरण सँझिया घाटबाट घर फर्केपछि र दोस्रो चरण मध्यरात्रिको बेला छठघाटमा ल्याइ पुनः कोशी भरिन्छ अर्थात् पूजापाठ गरिन्छ। ब्रह्म मुहूर्तमा नुहाइधुवाइ गरेर पुनः व्रतालुजनको छठघाटमा आगमन हुन थाल्छ। यसलाई 'बिहनिया वा भोरिया घाट' सम्बोधन गरिन्छ । बिहनिया घाटमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरेसँगै चार दिवसीय छठ व्रतको समापन हुन्छ ।

छठ व्रतमा शुद्धाशुद्धी पहिलो र अनिवार्य शर्त हो । किञ्चित मात्र पनि अशुद्धताको गुञ्जाइश हुँदैन ।

**छठ पर्वको मिठास**

भक्ति र अध्यात्मले भरिएको यस पर्वमा बाँसबाट बनेका दौरा, सुपुली, माटाका भाँडा, साठीको चामल तथा गहुँबाट बनेका ठेकुवाका साथै अनेक प्रकारका वनस्पति प्रयोग गरिन्छन् । यसका साथै कर्णप्रिय पारम्परिक लोकगीतहरूको गुञ्जले यस पर्वको मिठास व्यक्त हुन्छ ।

प्रकृति, संस्कृति र जनआस्थाको महत्त्व बोकेको छठ पर्व स्थानीय रीतिरिवाज र परम्पराले भरिपूर्ण पर्व हो। यसको केन्द्रमा वेद र पुराणजस्ता धार्मिक ग्रन्थका साथै कृषि, किसान र ग्रामीण जनजीवन अनुभूत गर्न सकिन्छ। सनातन संस्कृतिको यो एक मात्र पर्व हो, जसमा पूजापाठको लागि पुरोहित आवश्यक पर्दैन ।

**लोपोन्मुख कन्दमूल**

पुरातनकालमा छठ आर्थिक भार पर्ने खालको पर्व थिएन । किनभने पूजामा प्रयोग हुने कन्दमूल आदि स्थानीय उत्पादनमा आधारित थियो र छ। यद्यपि वर्तमान समयमा महँगीको भारका साथै कतिपय स्थानीय कन्दमूल लोपोन्मुख छन्। त्यस कारण लोपोन्मुख ती कन्दमूलहरूको मागको तुलनामा आपूर्ति कम त छँदैछ महँगीको असरले छठ पर्व महँगो हुन गएको हो। त्यसैगरी, जोसँग जुन पूजन सामग्री उपलब्ध हुन्छ, त्यो सामग्री एकले अर्कालाई स्वस्फूर्तरूपमा सहयोग गर्ने प्रचलनले छठ पर्वको महत्त्वलाई दर्शाउँछ।

**जनसहभागिताको महापर्व**

यस पर्वको लागि मानिसहरूले सामूहिक अभियान सञ्चालन गर्छन् । छठघाटको सरसफाइ, सिरसोताको निर्माण, भक्तजन आवतजावत गर्ने बाटोको व्यवस्थापन, पोखरी वा खोलाको किनारमा अर्घ्य दिने उचित व्यवस्था गर्न समाजले सरकारको सहयोग खोज्दैन । यस पर्वमा खरना मनाउनेदेखि अर्द्धदानसम्म समाजको अनिवार्य उपस्थिति रहन्छ। छठ पर्वको अवसरमा मानिसहरू आफ्नो दैनिक जीवनका कठिनाइहरू बिर्सन्छन्। सेवा र भक्तिको भावनामा समाहित हुन्छन् । यो पर्व


(बाँकी चौथो पातामा)



सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com



१. निर्माणाधीन सिरसोता, २. सँझियाघाट, ३. कोशी, ४. भोरियाघाट (राधेमाईस्थित शिवघाट)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

हाम्रा ऋषिमुनिहरूले विश्व बन्धुत्वको धारणा दिँदै उपनिषद्मा भनेका छन्– वसुधैवकुटुम्बकम् । अब हामीले यो ऋषिमुनिहरूको धारणालाई पूरा गर्नु छ, बच्चाहरूलाई भाइचारा सिकाउनु छ, उनीहरूलाई संस्कार सिकाउनु छ।

ओशो भन्नुहुन्छ– शिक्षामा आधारभूत परिवर्तन जरुरी छ। हामीले अहिलेसम्म तीन तलको कुरा मात्र गर्यौं– शारीरिक, मानसिक र हार्दिक। अब यसपछि चौथो तल आउँछ, त्यो हो आत्मिक। हार्दिक तललाई त खाली अस्वीकार गरिएको छ, तर आत्मिक तलको बारेमा त धेरैलाई थाहै छैन। यस्तो पनि कुनै चीज हुन सक्छ र ? भनेर मानिसहरू प्रश्न उठाउँछन्। विद्यालयहरूमा प्रार्थना त हुन्छ, तर केवल नियमको पालना गर्नको लागि हुने गर्छ। यी प्रार्थनाहरू घोकिएका हुन्छन्। यी प्रार्थानाहरूमा सच्चा प्रार्थना भावमा विद्यार्थी अथवा शिक्षक डुबेका हुँदैनन्। यसैले यी प्रार्थनालाई प्रार्थना भन्न मिल्दैन। सच्चा प्रार्थना भनेको ध्यानको शिक्षा हो, भक्तिको शिक्षा हो।

हामीले यस्तो माहोल बनाउन सक्नुपर्छ कि विद्यार्थीमा भक्तिभाव उत्पन्न हुन सकोस्। ध्यान विकसित हुन सकोस्। आफूभित्र भएको त्यो शून्य गगनमा रहेको चेतनामा डुब्न सकोस्। आफूभित्र गुन्जिरहेको अनन्त नाद सुन्न सकोस्। हामीले हरेक व्यक्तिलाई अध्यात्मका दुईवटा मार्ग अवश्य सिकाउनुपर्छ, जसलाई हामी मुख्यरूपमा ध्यान र भक्ति भन्ने गर्छौं। यसलाई हामी सङ्कल्प र समर्पण पनि भन्ने गर्छौं। यी सबै चीजको शिक्षा हामीले विद्यार्थीलाई दिन सक्यौं भने यसलाई सम्पूर्ण शिक्षा भन्न सकिन्छ। किनकि यसमा जीवनका सम्पूर्ण अङ्ग सामेल हुन जान्छन्।

विश्व व्यापीकरणको युगमा सम्पूर्ण विश्वलाई नै एउटा गाउँको रूपमा हेर्ने गरिन्छ। सम्पूर्ण विश्व एउटै छ। विश्वमा रहेका सबै प्राणी, वनस्पति, नदीनाला, हिमाल, पहाड, पाखा पखेरा परस्पर तन्त्रमा आधारित छन्। सम्पूर्ण दुनियाँ इन्टरडिपेन्डेन्ट छ। "वसुधैवकुटुम्बकम्" यहाँ कोही पनि कसैको दुश्मन छैन, सम्पूर्ण पृथ्वी एउटै हो। मनुष्य जाति मात्र हैन, पशुपक्षी, रुखबिरुवा, जलचर, थलचर सबै प्राणी कोही कसैको दुश्मन छैन। अखण्डता भन्ने कुरा बिस्तारै–बिस्तारै पैदा हुन्छ। हाम्रो शरीर स्वस्थ होस्, मन विवेकपूर्ण होस्। केवल बुद्धिमानीले काम चल्दैन। बुद्धिले मानिसलाई चलाख, राजनीतिक र कूटनीतिक बनाइदिन्छ। बुद्धिले मानिसलाई होशियार बनाउँदैन, होशको त साधना गर्नुपर्छ। होशमा रहन विवेक हुनुपर्छ, प्रज्ञा हुनुपर्छ।

यी दुईवटा शब्दहरूलाई अलग–अलग बुझ्नुपर्छ। एउटालाई विज्डम भन्छन्, अर्कोलाई इन्टलेक्ट भन्छन्। वर्तमान शिक्षा प्रणालीले केवल इन्टलेक्ट सिकाइ राखेको छ। विद्वता सिकाइराखेको छ। विज्डम यानी विवेक सिकाइराखेको छैन। विवेक पनि सिकाउनुपर्छ। हृदयलाई विकसित बनाउनुपर्छ। भावनाहरूलाई शुद्धिकृत गर्नुपर्छ र चेतनाको विकासको मार्ग देखाउनुपर्छ। मानिसलाई आत्मवान् बनाउनुपर्छ। त्यस आत्माबाट बिस्तारै–बिस्तारै परमात्मा र समस्त ब्रह्माण्डमा व्याप्त चेतनालाई जान्न सक्छौं। यस्तो सम्पूर्ण शिक्षा हुनुपर्छ।

जब परम सद्गुरु ओशो स्वयम् कलेजमा प्रोफेसर हुनुहुन्थ्यो, त्यस बेला उहाँले विभिन्न विश्वविद्यालयमा तथा कलेजमा शिक्षा कस्तो हुनुपर्छ भनेर प्रवचन दिनुभएको थियो। उहाँ आफ्नो प्रवचनमा भन्नुहुन्छ– प्रतियोगिता र प्रतिस्पर्धाले दुश्मनी पैदा गर्छ। भन्न त हामी भन्छौं यी मेरा सहपाठी हुन्। तर वास्तवमा त्यससँग सम्पूर्ण ईर्ष्या जोडिएको हुन्छ। आमाबुबाले छोराछोरीलाई भन्छन् कि कक्षामा प्रथम स्थान हासिल गर्नुपर्छ। यसको मतलब हामी जसलाई आफ्नो साथी भनिरहेका छौं, उनीहरू नै हाम्रा शत्रु हुन्। यिनीहरूलाई पछाडै हामी अगाडि निस्कनु छ। हाम्रा साथीहरूले पनि यस्तै सोचिरहेका हुन्छन्। उनीहरूको अगाडि त हामी उनीहरूलाई साथी भनिरहेका छौं, तर हामीले उनीहरूमाथि नै शत्रुता साधेका छौं। यस्तो पनि जीवन जिउने सही तरीका होला त ? हामी दोस्तीको नाममा दुश्मनी निभाइरहेका छैनौं र ?

ओशो भन्नुहुन्छ– बच्चाहरूलाई यस्तो प्रकारको प्रतियोगिता सिकाउनुहुँदैन। केटाकेटी उमेरमा परेको यो संस्कारले जीवनभरि पिछा छोड्दैन। यस्तो संस्कार भएको मानिस प्रायः राजनीतिमा छिर्ने गर्छ। उसले एक दिन म कसरी यस शहरको सबैभन्दा धनी मानिस बनूँ ? फेरि उसले सोच्छ म कसरी यो संसारकै धनी मानिस बनूँ ? यसको लागि उसले अरूको घाँटी नै किन काट्नु नपरोस्, किन अरूको रगत चुस्नु नपरोस्, अब उसलाई कसैको चिन्ता हुँदैन। उसलाई खाली यतिमात्र थाहा हुन्छ कि मलाई कुनै पनि हालतमा एक नम्बरमा पुग्नु छ। यसको लागि अरूको जतिसुकै नोक्सान किन नहोस् उसलाई केही मतलब हुँदैन।

यो जीवन जिउने सही तरीका होइन। केटाकेटी उमेरमा नै यस्तो शिक्षा तथा संस्कार सिकाइएको छ, जसले केटाकेटीहरूलाई जीवनभरि नै पछ्याउने गर्छ। हामीले नै उनीहरूलाई जीवन जिउने गलत तरीका सिकाएका छौं। यस्तो अशुभ शैलीदेखि हामी सधैं सावधान रहनुपर्छ।

फेरि एउटा प्रश्न उठ्छ कि प्रतियोगिता भएन भने विकास कसरी हुन्छ त ? किनभने प्रतियोगिता नै एक मात्र प्रेरणाको स्रोत हो, त्यसैले मानिसलाई दौडाइराखेको छ। सद्गुरु भन्नुहुन्छ– हामीले आफ्नै अतीतभन्दा अगाडि बढ्नुपर्छ। अर्कासँग प्रतियोगिता गर्नुहुँदैन। हिजो म जीवन र जगत्लाई कति जान्दथें ? आज म त्योभन्दा बढी जान्दछु कि जान्दिनँ ? यो कुरा विचार गर्दै अतीतभन्दा अगाडि बढ्नु नै बुद्धिमानी हुन्छ।

क्रमशः

# व्यक्तित्व विकृति वा पर्सनालिटी डिजार्डर–२

पाठकवृन्द गत अङ्कमा स्पेसिफिक वा विशिष्ट पर्सनालिटी डिजार्डरको पहिलो प्रकार पारान्वायड पर्सनालिटी डिजार्डरसम्मको वर्णन सिद्धिएको थियो। अब बाँकी केही मात्रको वर्णन सिध्याउन सकिन्छ र अरूको बेहोरा अर्को अङ्कमा पनि जारी रहन्छ किनभने विषय नै त्यस्तो छ।

**२. सिज्वायड पर्सनालिटी डिजार्डर** : यसमा पनि सामान्य लक्षणबाहेक निम्नलिखितमध्ये कुनै तीन लक्षण स्पष्टरूपले देखिनुपर्छ यथा: रोगीका केही काम खुशी महशुश गराउन सक्ने खालको हुन्छ तर त्यस्तो क्रियाकलाप भए पो। यस्ता रोगीमा प्रशंसा वा आलोचनामा कुनै चासो हुँदैन। यस्ता रोगी सेक्सुअल अनुभवमा पनि कम चासो राख्छन्। रोगीले एक्लै काम गर्न बढी रुचाउँछ। अनुमान, कल्पना र आत्मविश्लेषणप्रति बढी दुराग्रही हुन्छ। रोगी साथी बनाउन असफल हुन्छ र बनाउने चाहना पनि राख्दैन। समाजमा कायम रीतिरिवाज र समारोहप्रति रोगी बढी संवेदनहीन हुन्छ। यस्तो रोगीमा अन्य पर्सनालिटी डिजार्डरका लक्षण पनि मिसिएको हुन सक्छ, जसमा पारान्वायड र सिज्वायडटाइपल आउँछन्। साइकोडायनामिक थ्योरीले यो भन्छ कि यसको बीजारोपण बालपनमा नै भएको हुन्छ। रोगी आफ्नो बालपनमा मातापिताबाट मायाको साटो दुत्कार पाएको हुन्छ। कसैकसैको अनुसार यही सिजोफ्रेनियामा बदलिन्छ तर आधुनिक अध्ययनमा यस्तो पाइएको छैन। यो पुरुषमा पाइन्छ र रोगीले उपचार खोज्न आउँदैन, सम्बन्धीहरूले ल्याउनुपर्छ। यसको उपचारमा व्यक्तिगत र ग्रेजुअल ग्रुप साइकोथेरापी तथा साइकोएनालिसिस विधि अपनाइन्छ। यसमा पनि औषधिले कम काम गर्छ।

**३. सिजोटाइपल पर्सनालिटी डिजार्डर** : सिज्वायड र सिजोटाइपल नाम यस कारण दिइएको छ कि यसका लक्षण सिजोफ्रेनियाको लक्षणका नजीकनजीक हुन्छन् तर यी दुवैमा हालिसिनेशन र डेल्युजन दुवै हुँदैन। सामान्यका साथै निम्नलिखितमध्ये कुनै तीन यसमा पनि हुनु आवश्यक छ यथा: कुनै पनि विचारको अनुचित र सङ्कुचित अर्थ लगाउने जसले मानिस चीसो र निराश हुन्छ। रोगीको व्यवहार सनकी र अनौठो हुन्छ। समाजबाट कटेर रहने र कसैसँग पनि सम्बन्ध बनाउन नसक्ने। परम्परा र सांस्कृतिक चलनको विरोधी तथा अचम्मको र जादुयी सोचको प्रभावमा रहने। शङ्कालु हुनु र कहीं नभएको सोच नरोकिने गरी दोहोर्‍याइराख्ने जुन सोच अक्सर सेक्सुअल आक्रामकताको हुन्छ। असाधारण रूपको अनुभवको साथै डिपर्सनलाइजेशन र डिरियलाइजेशन। कुनै घटनालाई अस्पष्ट र लाक्षणिकरूपले अत्यधिक तन्काएर भन्ने र एकनासको सोचमा रुमलिने तथा नराम्रो भाषा र असङ्गत तरीकाले व्यक्त गर्ने। कहिलेकाहीं साइकोटिक लक्षण पनि देखिने जसमा कडा रूपको हालिसिनेशनल र डेल्युजनल विचार पनि हुन सक्छन्, जुन विना कुनै स्टिमुलसले उत्पन्न हुन्छ। उपरोक्त लक्षणहरू लगातार दुई वर्षसम्म अथवा केही केही अन्तरालमा पनि दुई वर्षसम्म देखिनुपर्छ। यो सिज्वायड र सिजोटाइपल पर्सनालिटी डिजार्डरको बीचको स्थिति हो। यो जिनेटिक र क्रोनिक हुन्छ।



वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**श्राप लागेका नार्सिससले एक दिन एक पुलमुनि पानीमा आफ्नो छायालाई देखे र त्यस छायालाई प्रेम गर्न थाले। छायाको प्रेममा उनी यस्तो पागल भए कि खानापिना र निद्रासमेतलाई त्यागिदिए तथा मृत्युलाई अँगाले। मरेपछि भनिन्छ कि नार्सिसस एउटा फूलमा परिवर्तित भए।**

साइकोएनालिसिस, व्यक्तिगत साइको थेरापी यसको उपचार हो। यसको साइकोटिक इपिसोडमा एन्टिसाइकोटिक औषधि पनि दिने गरिन्छ।



**४. एन्टिसोशल पर्सनालिटी डिजार्डर** : यसमा पनि त्यही नियम छ कि निम्नलिखितमध्ये कुनै तीन लक्षण अवश्य देखिनुपर्छ। यसलाई साइकोपैथी वा सोसियोपैथी वा सामाजिक विकार पनि भनिन्छ तर सधैं यो आपराधिक पनि हुँदैन। लक्षणहरू निम्निलिखित छन्: अकृपति कडा र असम्बन्धित र अनावश्यक संवेदना। सामाजिक चालचलन र नैतिक बन्धनको सधैं अपहेलना गर्ने। अरूसँग सम्बन्ध बनाउन नसक्ने र बनाए पनि टिकाउ नहुने। कम सहनशीलता र निराश हुने तथा छिट्टै क्रोधमा आउने तथा हिंसा गर्ने। सजायपछि पनि कुनै अपराधबोध नहुने र आफ्नो दोष महशुश गर्नमा असमर्थता। अरूमा दोष लगाउन उन्मुख रहने र युक्तिपूर्वक समाजमा द्वन्द्व उत्पन्न गराउनमा माहिर हुने। रोगी हरदम चिडचिडा रहने तथा बालपन र किशोरावस्थादेखि नै खराब चालचलन देखिने आदि। पहिले यसलाई एग्रेसिभ, इनएडिक्वेट, क्रिएटिभ र सेक्सुअल गरी चार भागमा बाँडिन्थ्यो तर सबैका लक्षण एकसाथ मिसिएका हुन्छन्। अतः त्यसरी बाँड्ने कुनै जरुरी छैन। यसको कारणमा जीन, वातावरण र बायलोजिकल तीनवटै थ्योरीले काम गर्छ। यो मुख्यतः पुरुषमा पाइन्छ र क्रोनिक हुन्छ। यसका रोगी आफैले उपचार गराउँदैन तर सम्बन्धी र कानूनी अधिकारीको दबाबमा उसले इलाज गराउँछ। साइकोथेरापी, साइकोएनालिसिस, ग्रुप र सेल्फ हेल्प थेरापी यसका उपचार हुन्। औषधिको यसमा कम भूमिका भएपनि परिसाइयाजिन दिएर कोशिश अवश्य गरिन्छ।

**५. हिस्ट्रियोनिक पर्सनालिटी डिजार्डर** : जसरी नामले नै थाहा हुन्छ कि यस्ता रोगीलाई हिस्टेरियासँग जोडेर नै हेरिन्छ र अक्सर महिलामा नै पाइन्छ, जसमा निम्नलिखितमध्ये कुनै तीन लक्षण हुनु जरुरी हुन्छ : सेल्फड्रामाटाइजेशन वा स्वनाटकीयता, सगेस्टिभिटी अर्थात् सुझाव स्वीकारिता, एफेक्टिभिटी अथवा अस्थिरता, एटेन्सन सिकिङ अथवा ध्यान आकर्षित गर्ने क्रियाकलाप, अनुचित र दूषित व्यावहारिकता र एट्रेक्टिभनेस अथवा आफूलाई लोभलाग्दो बनाउनु आदि। स्वनाटकीयतामा रोगी नाटकीय अन्दाजमा आफ्नो भावुकतालाई प्रकट गर्छ। सगेस्टिभिलिटीको मतलब हुन्छ कि रोगी सजिलै कुनै व्यक्तिको सुझाव वा घटनाको जालमा फस्छ। एफेक्टिभिटीको मतलब हुन्छ कि मानिसमा पर्ने असर सतही र अस्थिर हुन्छ। एटेन्सन सिकिङको मतलब यो हुन्छ कि रोगी सबैबाट प्रशंसा मात्र खोजिरहन्छ। यसको अलावा रोगी अनुचित र दूषित व्यवहार देखाइरहन्छ। आकर्षणकारिताको मतलब यो हुन्छ कि रोगी सधैं आफ्नो शारीरिक आकर्षणलाई बढाउने वा शृङ्गारपटारमा मात्र लागिरहन्छ। यी सबै लक्षण रोगीमा अहंकेन्द्रित, अतिभोग, लगातार प्रशंसाको चेष्टामा हुन्छ, जुन घातक तवरले र आफ्नो जरुरतको प्राप्तिको लागि धूर्त व्यवहार प्रदर्शन गर्ने गर्छ। यस्ता रोगीको रिस विस्फोट भइरहने एउटा आम कुरा हो। उसको कुनै पनि कार्य योजनारहित र दूरदर्शी लक्ष्यको प्राप्तिमा नभएर तत्काल सन्तुष्टि पाउने खालको मात्र हुन्छ। भड्किलो लुगा लगाउने प्रदर्शनकामिताको शिकार उसको बोलीको तरीका र हाउभाउ हुन्छ। रोगीको हर कोशिश सुन्दर देखिनु र अरूलाई लोभ्याउने खालको मात्र हुन्छ। यस्ता रोगीले आत्मघाती हाउभाउ पनि प्रदर्शित गर्छन् र त्यस्ताको व्यक्तिगत सम्बन्ध उदण्ड र कृतघ्न खालको हुन्छ। पहिले यो मानिन्थ्यो कि हिस्टेरियाग्रस्त महिलामा यो आम कुरा हो तर आधुनिक अध्ययनले यसलाई अस्वीकार गर्छ। मतलब यो कि आजभोलि यो हिस्टेरिया नभएकोमा पनि आम कुरा भइसकेको छ। यसको उपचारमा साइकोएनालिसिस र सोही अनुसारको उपचार धेरै सफल पाइएको छ तर केवल केही मात्र लक्षणलाई कम गर्नको लागि।

**६. नार्सिसिस्टिक पर्सनालिटी डिजार्डर:** ग्रीक माइथोलोजीमा नदीको देउता सिफेसिससका छोरा थिए नार्सिसस, जसलाई कसैकसैले गड अफ भेनिटी वा प्राइड पनि भन्थे तर वास्तवमा उनी देउता थिएनन्। नार्सिसस अप्रीतम सुन्दर थिए, जसलाई सबैले प्रेम गर्न चाहन्थे तर आफ्नो सुन्दरताको घमण्डमा उनी भने कसैलाई पनि प्रेम गर्दैनथे। एकपटक देवी नेमिसले उनलाई प्रेम गर्न थालिन् तर नार्सिससले उनको पनि अवज्ञा गरे। देवीले रिसमा उनलाई श्राप दिएर गइन् कि तिमीले केवल र केवल आफ्नो छायाँसँग मात्र प्रेम गर्न सक्छौं। श्राप लागेका नार्सिससले एक दिन एक पुलमुनि पानीमा आफ्नो छायालाई देखे र त्यस छायालाई प्रेम गर्न थाले। छायाको प्रेममा उनी यस्तो पागल भए कि खानापिना र निद्रासमेतलाई त्यागिदिए तथा मृत्युलाई अँगाले। मरेपछि भनिन्छ कि नार्सिसस एउटा फूलमा परिवर्तित भए।

कथा यही हो जो आफ्नो अहङ्कारमा नै सन्तुष्ट हुने र अरूको कुनै मतलब नराख्ने कुराको परिचय दिन्छ। यसै मिथलाई सिग्मन्ड फ्रायडले टिपे र यस्तो किसिमको बिमारीलाई नार्सिसस डिजिज नाम राखे। यहाँ यस्तै किसिमको व्यक्तित्व विकारको नाम नार्सिसस पर्सनालिटी डिजार्डर राखियो, जसका निम्नलिखित लक्षणहरू हुन्छन् : श्रेष्ठताको अभिमान र विचार तथा आफ्नो महत्वप्रति सर्वाधिक संवेदनशीलता। अत्यधिक कल्पनाशीलता र फेन्टेसी रुचाउने तथा आफ्नो सफलताप्रति दुराग्रही। आफूतिर अरूको ध्यानाकर्षित गर्ने उपक्रम, नाटकीय व्यवहार र सबैबाट प्रशंसा मात्र अपेक्षा राख्ने तथा आलोचनालाई सुन्न पनि नसक्ने। अरूप्रति कुनै सहानुभूति नराख्ने र शोषण गर्ने व्यवहार। अस्थिर र चञ्चल तथा घमण्डपूर्ण व्यवहार तर वास्तवमा भित्र लुकेको हीनभावना। सजिलै सानो कुरामा पनि अवसादग्रस्त हुने आदि। यस्तो रोगीमा व्यक्तिको साइकोएनालिसिस त गरिन्छ तर त्यो पनि यसको निश्चित उपचार होइन।

क्रमशः

## छठ ...

जनसहभागिताको विशालता र भव्यता दर्शाउने महापर्व हो।

**सृष्टिदाता**

छठ पर्व मूलतः सनातन संस्कृतिको विशेष स्थान ओगटेको सूर्यको आराधनाको पर्व हो। हिन्दू धर्मका देवताहरूमध्ये सूर्य एक यस्तो देवता हुन्, जसलाई मूर्त रूपमा देख्न सकिन्छ। हिन्दू धर्मग्रन्थ अनुसार सूर्यको शक्तिको मुख्य स्रोत उनका पत्नी उषा र प्रत्युषा हुन्। छठमा सूर्यसँगै दुवै शक्तिको संयुक्तरूपमा पूजा गरिन्छ। साँझिया घाटमा अस्ताउँदो किरण 'प्रत्युषा' तथा विहनिया/भोरिया घाटमा सूर्यको उदाउँदो किरण 'उषा'लाई अर्घ्य अर्पण गरी पूजा गर्ने प्रचलन छ। सूर्यको उपासना ऋग्वेदकालदेखि हुँदै आएको छ। अर्थात् यो पर्व विज्ञानको उदयभन्दा धेरै अघिदेखि हुँदै आइरहेको मान्यता छ।

सृष्टिको सञ्चालन सूर्यविना असम्भव रहेको विभिन्न धर्मग्रन्थहरूमा उल्लिखित कुरा वैज्ञानिक दृष्टिकोणले पनि अकाट्य तथ्य हो। त्यस कारणले सृष्टिका पालनहार सूर्यदेवको आराधना गर्ने सनातन संस्कृतिको महापर्व हो, छठ व्रत। विष्णु पुराण, भागवत पुराण, ब्रह्मवैवर्त पुराण आदिमा सूर्य र सूर्यको उपासनाको विस्तृत वर्णन गरिएको पाइन्छ। मध्यकालमा छठ सूर्यको आराधनाको व्यवस्थित पर्वको रूपमा स्थापित भयो, जुन अहिलेसम्म निरन्तर छ।

सृष्टि र पालनपोषणको शक्तिका कारण सभ्यताको विकाससँगै विभिन्न स्थानमा सूर्यको आराधना विभिन्न रूपमा शुरु भएपनि सूर्यलाई देवताको रूपमा पूजा गर्ने कुरा ऋग्वेदमा उल्लेख गरिएको पाइन्छ। यसपछि अन्य सबै वेदका साथै उपनिषद् आदि वैदिक ग्रन्थहरूमा यसको चर्चा प्रमुख रूपमा गरिएको पाइन्छ।

**छठ पर्वको सन्देश**

अस्ताउँदो र उदाउँदो सूर्यको पूजाले समाजमा ओरालिएका मानव भोलि नयाँ ऊर्जाका साथ उदाउँछन् भन्ने सन्देश प्रवाह गर्दछ। आज समाप्त भएको दिन भोलि फेरि बिहान उदय भएर आउँछ। सूर्य अस्ताउनु भनेको चन्द्रमालाई उदाउने मौका दिनु हो। सबैले आफ्नो अधिकार प्रयोग गरेर अरूलाई पनि उसको अधिकार प्रयोग गर्न दिनुपर्छ भन्ने छठ पर्वले समाजमा गहिरो सन्देश प्रवाह गर्दछ। सृष्टिमा उदय–अस्त र अस्त–उदयको प्रवाहलाई कसैले रोक्न सक्दैन।

सनातन संस्कृतिका मान्य देवीदेवताहरूमध्ये मूर्त रूपमा देख्न सकिने सूर्यदेवको शक्तिलाई नमन गर्ने महापर्व छठको सबैमा शुभकामना।



**झाँक्री नाच:** ताप्लेजुङको सदरमुकाम फुङ्लिङ बजारमा किराँतहरूको पर्व चासोक तङनामका अवसरमा झाँक्री नाच प्रस्तुत गर्दै झाँक्रीहरू। लिम्बू, सुनुवार र याक्खा जातिले नयाँ अन्न आफ्ना दिवङ्गत पुर्खा र आआफ्ना आस्थाका भगवान्लाई चढाएर न्वागी पूजा गर्ने चलनलाई चासोक तङनाम भन्ने गरिन्छ। तस्बिरः दिलकुमार लिम्बू/रासस

# अन्तर्राष्ट्रिय समाचार

## इजरायल–हमास युद्धका चुनौतीविरुद्ध एकजुट हुन मोदीको आग्रह

नयाँ दिल्ली, १ मङ्सिर/एपी

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रवार एक सयभन्दा बढी मुलुकको भर्चुअल सम्मेलन बोलाएर इजरायल–हमास युद्धका कारण बढ्दो चुनौतीको सामना गर्नका लागि एकजुट हुन विकासशील देशका नेताहरूलाई आग्रह गरेका छन् ।

तस्वीरः एजेन्सी



“यो समय ग्लोबल साउथ मुलुकहरू बृहत्तर विश्वव्यापी हितका लागि एकजुट हुनुपर्छ,” विकासशील राष्ट्रहरूलाई उल्लेख गर्दै उनले भने ।

गत सेप्टेम्बर २० मा शीर्ष विश्व अर्थतन्त्रहरूको समूहको बैठकका क्रममा गरिएका निर्णयको पालना गर्न भ्वाइस अफ ग्लोबल साउथ शिखर सम्मेलन बोलाइएको हो । सेप्टेम्बरको बैठकमा नयाँ दिल्लीले कूटनीतिक सफलता हासिल गरेको र यसमा अफ्रिकी सङ्घलाई एउटा सदस्यका रूपमा जोडिएको दाबी गरेको थियो ।

आफूलाई ग्लोबल साउथको नेताका रूपमा हेर्ने भारतले यी मुलुकहरूका लागि विश्वले महत्त्वपूर्ण मुद्दाहरूमा प्रगति गर्नुपर्ने बताएको छ । “हामी एक सयभन्दा बढी मुलुक भएपनि प्राथमिकता उस्तै छ,” संसाधन दक्षता, गरीबी न्यूनीकरण र खाद्य सुरक्षासहित विकासशील मुलुकहरूका लागि महत्त्वपूर्ण मुद्दामा जोड दिंदै मोदीले भने, “भ्वाइस अफ ग्लोबल साउथ २१औं शताब्दीको सबैभन्दा अनौठो प्लेटफर्ममध्येको एक हो, भौगोलिक दृष्टिकोणले विश्वव्यापी दक्षिण सधैं अस्तित्त्वमा छ तर यसले पहिलोपटक आफ्नै आवाज प्राप्त गरेको छ ।”

जलवायु वित्त, विकासशील मुलुकहरूको कर्जा बोझ र दिगो विकासका लागि किफायती र समावेशी ऊर्जा परिवर्तन शिखर सम्मेलनको बन्दसत्रमा छलफल गरिने विषय रहेको भारतीय विदेश मन्त्रालयले बताएको छ ।

प्रधानमन्त्री मोदीले आफ्नो सम्बोधनमा इजराइल–हमास युद्धमा सर्वसाधारणको भएको मृत्युको भर्त्सना गर्दै युद्धबाट नयाँ चुनौती आएको बताए । “अक्टोबर ७ मा इजरायलमा भएको आतङ्कवादी हमलाको भारत निन्दा गर्दछ, हामीले पनि संयमता अपनाएका छौं, संवाद र कूटनीतिमा जोड दिएका छौं, हामी इजरायल र हमासबीचको सङ्घर्षमा सर्वसाधारणको भएको मृत्युको पनि घोर भर्त्सना गर्दछौं,” उनले भने । रासस

## ऊर्जा सङ्कटमा परेको फिलिपिन्समा अमेरिकाले आणविक लगानीको बाटो खोल्यो

सान फ्रान्सिस्को, १ मङ्सिर/एएफपी

आफ्नो विद्युत् आपूर्तिलाई विस्तार गर्न खोजिरहेको फिलिपिन्समा लगानीको बाटो स्पष्ट गर्दै अमेरिकाले बिहीवार फिलिपिन्ससँग आणविक सहयोग सम्झौतामा हस्ताक्षर गरेको छ ।

फिलिपिन्सका राष्ट्रपति फर्डिन्यान्ड मार्कोसको उपस्थितिमा उनका रक्षामन्त्रीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनसँग उक्त सम्झौतामा हस्ताक्षर गरे । एक वर्षभन्दा बढी समयदेखि सत्तामा रहेका मार्कोस अमेरिकाको घनिष्ठ सहयोगी बनेका छन् ।

“हामीले सन् २०३२ सम्म आणविक ऊर्जा फिलिपिनी ऊर्जा मिश्रणको एउटा हिस्सा बन्ने देखेका छौं र हामी आफ्नो साझेदारहरूमध्येको एक अमेरिकासँग उक्त मार्गमा अगाडि बढ्न पाएकामा अत्यन्त खुशी छौं,” मार्कोसले भने, “आणविक ऊर्जा एउटा यस्तो क्षेत्र हो, जसमा हामीले फिलिपिन्स–अमेरिका गठबन्धन र साझेदारी वास्तवमैं हाम्रा जनता, अर्थतन्त्र र पर्यावरणका लागि काम गरेको देखाउन सक्छौं ।”

उनका अनुसार उनले बढ्दो ऊर्जा माग पूरा गर्न सम्पूर्ण देशका लागि किफायती, भरपर्दो र दिगो ऊर्जा आपूर्ति निर्माण गर्न पहिले गरेका वाचा पूरा गर्दैछन् ।

ब्लिङ्केनसँग हस्ताक्षरित सम्झौताले फिलिपिन्सलाई आणविक हतियार उत्पादन गर्न हस्तान्तरण गरिएको आणविक सामग्रीको प्रयोगविरुद्ध सुरक्षा गर्न प्रतिबद्ध गर्दछ । अमेरिकी आणविक ऊर्जा ऐनमा उसको खण्डपछिको १२३ सम्झौता भनेर चिनिने उक्त सम्झौता प्रसारसँग सम्बन्धित कानूनहरूको उल्लङ्घनबाट सावधान बनाउन अमेरिकी आणविक कम्पनीहरूको लगानीका लागि महत्त्वपूर्ण छन् ।

अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले सन् २०२२ नोभेम्बरमा फिलिपिन्सको भ्रमणका क्रममा १२३ सम्झौताको सुरुआतको घोषणा गरेकी थिइन् । विदेशमन्त्री ब्लिङ्केनले एक वर्ष पूरा भएको १२३ सम्झौताका लागि सबैभन्दा द्रुत भएको बताए ।

हालैका वर्षमा अमेरिकाले दुर्घटनाका जोखिमका बारेमा पर्यावरणविदहरूको चिन्तालाई अस्वीकार गर्दै ऊर्जाको भरपर्दो र कार्बनमुक्तरूपमा आणविक ऊर्जालाई उत्साहपूर्वक अँगालेको छ ।

“फिलिपिन्समा सन् २०४० सम्ममा ऊर्जाको उच्चतम माग झन्डै चार गुणाले बढ्ने अपेक्षा गरिएको छ, आणविक ऊर्जाले धेरै हरितगृह ग्याँस उत्सर्जन नगरी निरन्तररूपमा समुदायको महत्त्वपूर्ण आवश्यकताहरू पूरा गर्न पर्याप्त मात्रामा ऊर्जा उत्पादन गर्न सक्छ,” विदेशमन्त्री ब्लिङ्केनले भने ।

फिलिपिन्समा पहिलेदेखि नै यस क्षेत्रको सबैभन्दा धेरै ऊर्जा लागत छ । यो मुलुकको मुख्य द्वीप लुजोनलाई करीब ४० प्रतिशत विद्युत् आपूर्ति गर्ने मालाम्पाया ग्याँस क्षेत्र केही वर्षभित्र सुक्न सक्ने अपेक्षा गरिएपछि फिलिपिन्सले आसन्न सङ्कटको सामना गर्नुपरिरहेको छ ।

फिलिपिन्सले आफ्नो जलवायु लक्ष्यको हिस्साका रूपमा आणविकलगायत ऊर्जा समावेश नभएको नवीकरणीय ऊर्जामार्फत सन् २०३० सम्ममा विद्युत् उत्पादनलाई ३५ प्रतिशत र सन् २०४० सम्ममा ५० प्रतिशत बनाउने लक्ष्य राखेको छ । रासस

## सीफा अस्पताल परिसरमा हमासको आतङ्कवादी सुरुङ पत्ता लाग्यो –इजरायली सेना

तेल अविव, १ मङ्सिर/एएनआई

इजराइली प्रतिरक्षा फौज (आइडिएफ)ले गाजास्थित सीफा अस्पताल परिसरमा हमासको आतङ्कवादी सुरुङ पत्ता लागेको बताएको छ । आइडिएफका अनुसार उसले रान्तिसी अस्पतालमा अर्को आतङ्कवादी सुरुङ फेला पारेको छ । त्यस्तै, अल–कुद्स अस्पतालमा ठूलो परिमाणमा हतियार र गोलाबारुद्ध फेला परेको पनि उसले जनाएको छ ।

सामाजिक सञ्जाल एक्समा साझा गरिएको पोस्टमा आइडिएफले भनेको छ, “गाजाका तीन सबैभन्दा ठूला अस्पतालमा हमासको शोषणको अर्को तहको पर्दाफाश भएको छ, सीफा अस्पताल परिसरभित्र एउटा हमास आतङ्कवादी सुरुङ भेटियो ।” अर्को पोस्टमा उसले भनेको छ, “रान्तिसी अस्पतालभित्र आइडिएफ सैनिकहरूले अर्को एउटा आतङ्कवादी सुरुङ पत्ता लगाएका छन् ।”

आइडिएफका अनुसार सालदाग एसएफ एकाइ, सातौं ब्रिगेड र अतिरिक्त एसएफ एकाइहरूले सीफा अस्पतालभित्र हमासको सुरुङ पूर्वाधारको पर्दाफाश गरेका हुन् । “उनीहरूले गत अक्टोबर ७ मा नरसंहारका लागि तयार गरिएको बुबी–ट्र्याप सवारी पनि पत्ता लगाएका छन्, उक्त सवारीमा ठूलो मात्रामा हतियार र गोलाबारुद थिए ।”

आइडिएफले अल–कुद्स अस्पतालभित्र हतियार र गोलाबारुदको तस्बिर एक्समा पोस्ट गर्दै भनेको छ, “अल–कुद्स अस्पतालभित्र ठूलो मात्रामा हतियार र गोलाबारुद फेला पर्‍यो, यी सबै पछिल्लो २४ घण्टामा भेटिएका थिए ।” रासस


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सफलता | वृष | प्रगति |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | कडाश्रम | कन्या | ज्ञानोदय |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनलाभ | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया




वीरगंज बसपार्कमा प्रहरीविनाको यात्री सहायता कक्ष । तस्वीरः नितेश कर्ण

## छठको पूर्वसन्ध्यामा शान्तिसुरक्षाका लागि प्रहरी र स्थानीय तह सक्रिय

रौतहट, १ मङ्सिर/रासस

तराई/मधेसको महत्त्वपूर्ण चाड छठ पर्वको तयारीमा स्थानीयवासी व्यस्त छन् । समाजमा चोरी र अपराध गर्नेहरूले यसैको मौका छोपेर तनाव दिने गरेका छन् ।

रौतहटको बङ्कुल बजारस्थित दुई मोबाइल पसलमा गएराति रु २० लाखभन्दा बढी सामानको चोरी भएको छ । भारतको घोडासहान सीमानाकासँग जोडिएको उक्त बजारमा बिहारमा जाँडरक्सी निषेध गरिएकाले मदिरासेवनका लागि समेत भारतबाट मानिस आउनेजाने गर्छन् । खुला सीमानाकाका कारण चोरी र आपराधिक क्रियाकलाप नियन्त्रण गर्न प्रहरीलाई हम्मेहम्मे पर्दै आएको छ । यस क्षेत्रमा खटाइएका प्रहरी जनशक्ति र उनीहरूका लागि स्रोतसाधन अपर्याप्त रहेको सुरक्षाकर्मीहरू बताउँछन् ।

बौधीमाई नगरपालिका–७, बङ्कुल बजारस्थितको प्रहरी चौकीनजीक एनके मोबाइल इलेक्ट्रोनिक्समा करीब रु २० लाख र गयरे रिपेरिङ सेन्टरमा रु तीन लाख बराबरको सामान चोरी भएका छन् ।

मोबाइल इलेक्ट्रोनिक्सका सञ्चालक स्थानीय अवधकुमार कुशवाहाले राति पसलको छत फुटाएर ल्यापटप, प्रिन्टर, स्मार्ट मोबाइललगायत सामान चोरी भएको बताउँदै घटनाबारे आज बिहान प्रहरीलाई खबर गरिएको जनाए । कुशवाहाले प्रहरीहरू सीमा क्षेत्रतिर बढी व्यस्त रहने भएकाले बजारमा असुरक्षा बढेको गुनासो गर्दै चोरी गर्नेहरूको खोजीमा तीव्रता दिन आग्रह गरिएको बताए ।

परोहा नगरपालिका–७, नरकटिया निवासी जयप्रकाश यादव सञ्चालक रहेको गयरे रिपेरिङ सेन्टरको काउन्टरबाट नगद रु ७० हजार र सामानसमेत गरी रु तीन लाख बराबरको चोरी भएको सञ्चालक यादवले बताए । उनले घटनाबारे बिहान दुईपटक खबर गरेर आफैं बाइकमा लिन गएपछि प्रहरी घटनास्थलमा आएको गुनासो गरे । उक्त सेन्टरमा कोभिडका समयमा पनि चोरी भएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक महेन्द्र श्रेष्ठले घटनाबारे अनुसन्धान भइरहेको र चाडबाडका समयमा हुन सक्ने चोरी र अपराधका घटना नियन्त्रणका लागि कडा सुरक्षा व्यवस्थाका लागि सम्बन्धित प्रहरी इलाकालाई निर्देशन दिइएको बताए । उनले घटनाबारे अनुसन्धानको छानबीनका लागि जिल्ला प्रहरी कार्यालयबाट अपराध अनुसन्धानसम्बन्धी टोली खटाइएको र यस्ता घटना दोहोरिन नदिन सचेत गराइनाका साथै अपराध कार्यमा संलग्नलाई पत्ता लगाइ कानूनी कारबाई गरिने विश्वास दिलाए ।

बौधीमाई नगरपालिका–७ का पूर्वअध्यक्ष विजय कुशवाहाले बजारमा असुरक्षा हुँदा सुरक्षा निकायले पर्याप्त ध्यान दिन नसकेको गुनासो गरे । नेपाली काङ्ग्रेसका स्थानीय नेता राजनबाबू जैसवालले चाडपर्वका समयमा चोरी र अपराधका घटना वृद्धि भइरहेकाले शान्तिसुरक्षाका लागि प्रहरीले थप चनाखो हुनुपर्नेमा जोड दिए ।

बौधीमाई नगरपालिकाका प्रमुख प्रदीपकुमार यादवले प्रहरी चौकीनजीकैको पसलमा छानामाथि पसेर चोरी हुनुलाई गम्भीररूपमा लिइएको बताउँदै प्रहरीले जसरी पनि दोषीलाई पक्राउ गरेर कानूनी कारबाई गर्नुपर्ने बताए । “समाजमा शान्तिसुरक्षा फितलो भएको छ । आफ्नो रोजीरोटीका लागि काम गरेर खानुपर्ने व्यवसायीको यसरी पर्वका अवसरमा चोरी हुनु दुःखद छ । घटनाबारे शीघ्र र निष्पक्ष अनुसन्धान गरी दोषीलाई कारबाई गरी पीडितलाई क्षतिपूर्ति दिलाउन नगरपालिकाका तर्फबाट सक्दो सहयोग हुनेछ ।”

गत साता जिल्लाको चन्द्रपुरस्थित सोनेलाल चौधरीको घरबाट करीब डेढ लाख नगद, १४ तोला सुन र ५४ तोला चाँदीलगायत सामान चोरी भएको थियो । लुटेराले चौधरीका पत्नी र छोरीलाई आक्रमण गरी घाइते बनाएका थिए । प्रहरी प्रमुख श्रेष्ठले उक्त घटनामा संलग्न भएको आरोपमा दुईजनालाई महोत्तरीमा पक्राउ गरेको र त्यहाँको अनुसन्धान प्रक्रिया सकिएपछि रौतहट ल्याइ अदालतमा मुद्दा चलाइने बताए ।

रौतहट, बारा र पर्साबाट नजीक पर्ने छिमेकी भारतको घोडासाहन, चैनपुर, बर्गिनिया, छौडादानो, आदापुर र रक्सौल सीमानाकासँग जोडिएका क्षेत्रमा शान्तिसुरक्षा स्थापनाका लागि सशस्त्र प्रहरी खटिएको छ ।

यही मङ्सिर ३ गते हुने छठ पर्वको तयारी लागि यहाँका स्थानीय छठघाटहरूमा व्यवस्थापन गर्न व्यस्त रहेका छन् । बौधीमाई नगरपालिका–९ का अध्यक्ष मुक्तिनारायण मिश्रका अनुसार छठीमाताको पूजाका लागि पोखरी र तलाउलाई बेहुलीजस्तै सजाउने कार्य भइरहेको छ ।

### तीनजना...

प्रहरी चौकी मनवाका प्रसनि दीपक अधिकारीले झगडाको कारण पत्ता लगाउने कार्य भइरहेको र प्रहरीले झगडामा प्रयोग भएका तीनवटा मोटरसाइकल र चारजना युवकलाई तत्काल अनुसन्धानका लागि नियन्त्रणमा राखेको बताए ।

### पोखरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
पोखरिया, पर्सा
मधेस प्रदेश

## प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

मितिः २०८०/०८/०२ गते

यस कार्यालयको मिति २०८०/०७/०२ गते राष्ट्रियस्तरको प्रतीक दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बेरोजगार युवायुवतीहरूलाई आयआर्जनको लागि सीपमूलक तालीम कार्यक्रम सञ्चालनको लागि प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान भई तोकिएको म्यादभित्र दर्ता हुन आएका प्रस्तावहरूमध्ये तपसिल बमोजिमको प्रस्तावदाताको प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले प्रचलित कानूनको प्रयोजनार्थ सम्बन्धित सबै प्रस्तावदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| आव | कामको विवरण | प्रस्तावदाताको नाम र ठेगाना | कबोल रकम रु (मूअकरसहित) |
|---|---|---|---|
| २०८०/८१ | बेरोजगार युवायुवतीहरूलाई आयआर्जनको लागि सीपमूलक तालीम कार्यक्रम | कम्युनिटी डेभलपमेन्ट सेन्टर प्रालि, वीरगंज–११, पर्सा | ६९,७८,४४५/– |


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



वीरगंजको बिपी पार्कको फूटपाथमा यसपटकदेखि छठ पूजा सामग्री बिक्री भइरहेको छ। यसका साथै घण्टाघर र परम्परागरूपमा माईस्थान, मीनाबजारमा पनि छठ पूजाका सामग्री बिक्री भइरहेका छन्। छठ पूजामा आवश्यक सामग्रीहरूमध्ये बाँसको छैटी रु ४००, माटोको ढकना रु १५, घैला रु ५०, सुपली २००, केरा दर्जनको रु सय, उखु रु २० गोटामा बिक्री भइरहेका छन्। तस्वीर: नितेश कर्ण

# खेलकूदको संसार

## फिफा विश्वकप छनोट : नेपाल युएईसित पराजित

काठमाडौं, १ मङ्सिर/रासस

फिफा विश्वकप, २०२६ छनोट अन्तर्गत दोस्रो चरणको पहिलो खेलमा नेपाल युनाइटेड अरब इमिरेट्स (युएई)सित पराजित भएको छ। गएराति युएईको दुबईमा भएको खेलमा नेपाललाई युएईले ४–० गोलअन्तरले पराजित गरेको हो।

युएईका लागि कप्तान अली मखबूटले दुई तथा खलिफा अल हम्मादी र फाबियो लिमाले एक/एक गोल गरेका थिए। युएईले चारै गोल मध्यान्तरअघि गरेको हो। मध्यान्तरपछि भने नेपालले युएईलाई गोल गर्नबाट रोकेको थियो। मध्यान्तरअघि युएईले नेपाललाई पूरै दबाबमा राखेको थियो। खेलको १०औं मिनेटमा युएईका लागि खलिफा अल हम्मादीले पहिलो गोल गरेका थिए।

यस्तै, खेलको ३४औं मिनेटमा युएईले पेनाल्टीमार्फत दोस्रो गोल गरेको थियो। उक्त गोल अली मखबूटले गरेका थिए। यस्तै, खेलको ४४औं मिनेटमा युएईका लागि मखबूटले नै अर्को गोल गरे। युएईका लागि मध्यान्तरअघिको अतिरिक्त समयमा फाबियो लिमाले चौथो गोल गरे।

मध्यान्तरपछि भने युएईले आक्रामक खेल खेले पनि गोल गर्न भने सकेन। युएईका खेलाडीको पटकपटकको प्रयास नेपाली खेलाडीले विफल पारे। युएईसितको खेलमा अञ्जन राई, छिरिङ लामा र योगेश गुरुङले डेब्यू गरेका थिए। नेपालले छनोट अन्तर्गत आफ्नो दोस्रो खेल यही मङ्सिर ५ गते यमनविरुद्ध दशरथ रङ्गशालामा खेल्नेछ। लाओसलाई पराजित गर्दै नेपाल दोस्रो चरणमा प्रवेश गरेको हो।

## घडीअर्वा छठघाटको तयारी पूरा, ५७ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १ मङ्सिर/

घडीअर्वा छठ पूजा व्यवस्थापन समितिले शुक्रवार पत्रकार सम्मेलन गरी छठघाटको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ।

समितिका सचिव लखनलाल साह कानूले यसपालि छठघाटको सजावट र व्यवस्थापनमा करीब रु १५ लाख ४१ हजार खर्च हुने अनुमान गरिएको बताए। उनले टेन्ट र पन्डालमा सात लाख ५१ हजार, परिसरबाहिरको बत्ती सजावटमा १८ हजार, भिडियोग्राफीमा ३५ हजार, पुरस्कारमा चार लाख २८ हजार, सरसफाइमा ६० हजार खर्च अनुमान गरिएको बताए। सुरक्षा उपसमितिका संयोजक मुन्ना साह कानूले छठघाटमा व्रतालु, दर्शनार्थी र भक्तजनको सुरक्षा र सहजताका लागि जनपद र सशस्त्र र सादा पोशाकका गरी १५० जना सुरक्षाकर्मी र घडीअर्वा स्पोर्ट्र्स क्लबका ५० जना स्वयंसेवक परिचालन गरिने बताए। छठघाट परिसरमा २० वटाभन्दा बढी सिसिटिभी जडान गरिएको उनले बताए।



तस्वीर: सौजन्य

घडीअर्वा छठ पूजा व्यवस्थापन समितिका अध्यक्ष दीपकुमार कानूको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष सुशील साह कानू, पूर्वअध्यक्ष हीरा कानू, प्रेम कानू, मदनप्रसाद गुप्ता, उपाध्यक्ष राकेश साह कानू, कोषाध्यक्ष तिलक साह, सहकोषाध्यक्ष कन्हैयालाल गुप्तालगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण पत्रकार क्रान्ति साहले गरेका थिए।

यसैगरी, घडीअर्वा छठ पूजा व्यवस्थापन समिति र घडीअर्वा स्पोर्ट्र्स क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित ५७ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजले जनाएको छ।

घडीअर्वा पोखरी परिसरमा आयोजना गरिएको कार्यक्रममा सीता दाहाल, खुशी श्रेष्ठ, प्रनीषा गुप्ता, लखनकुमार गुप्ता, रोहितकुमार वर्णवाल, ओमप्रकाश गुप्ता, प्रभाकर गुप्ता, राजेश सिंह, सुरज साह सोनार, मनोहर साह कानू, सुशीलकुमार कानू, सन्तोष साह कानू, किशोरी साह कानूलगायतले रक्तदान गरेका रक्तसञ्चार केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए।

## नेपाली नक्कली नोट र खैरो हेरोइनसहित तीनजना पक्राउ



तस्वीर सौजन्यः जिप्रका, पर्सा

प्रस, वीरगंज, १ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, पर्साले नक्कली नेपाली नोटसहित दुईजनालाई पक्राउ गरेको छ।

कात्तिक २४ गते वीरगंज महानगर–८ सिटी मार्केटबाट बारा, कलैया उपमहानगरपालिका–३ बस्ने २५ वर्षीय उमेश कुमार र वीरगंज महानगर–३१ कोनिया निवासी २४ वर्षीय ऋषिलाल पटेललाई नक्कली नेरुसहित पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ। अभियुक्त दुईजनाबाट एक हजारका ३८ थान नक्कली नेरु बरामद भएको र निजहरूविरुद्ध खोटा चलनसम्बन्धी कसूरमा मुद्दा चलाइएको जिप्रका, पर्साले जनाएको छ।

उनीहरूले सो बजारमा कपडा खरीद गर्ने क्रममा नक्कली रुपैयाँ दिएको र सोको सूचना पाएपछि प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको जिप्रका, पर्साले जनाएको छ।

यसैगरी, कात्तिक २८ गते वीरगंज–१४ गण्डकचोकबाट प्रहरीले लागूऔषध खैरो हेरोइनसहित एकजनालाई पक्राउ गरेको छ।

वीरगंजबाट परवानीपुरतर्फ जाँदै गरेको ना.२१प ४५८६ नम्बरको मोटरसाइकलमा सवार बारा, परवानीपुर गाउँपालिका–४ बस्ने वर्ष ३५ का ध्रुव रामलाई साढे छ ग्राम खैरो हेरोइनसहित पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ।

रामलाई मोटरसाइकलको लुकिङ ग्लासमा लगाएको कालो रङको रबरको खोलभित्र सेतो प्लास्टिकमा रहेको खैरो हेरोइनसहित पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ।

## नेपाली काङ्ग्रेसद्वारा चियापान कार्यक्रम

प्रस, वीरगंज, १ मङ्सिर/

नेपाली काङ्ग्रेस २३ नं वडा कार्यसमितिले शुभकामना तथा चियापान कार्यक्रम गरेको छ।



तस्वीर: प्रतीक

कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधिसभा सदस्य अजय चौरसियाले यस प्रकारको कार्यक्रमले भाइचाराको सम्बन्ध स्थापित गर्ने बताए। उनले बिपी कोइरालाको पालादेखि चल्दै आएको चियापान कार्यक्रमले आपसी सम्बन्ध बढाएको बताए। संविधानसभा सदस्य अनिल रूँगटाले सांस्कृतिक परम्पराहरूले समाजमा अनुशासन कायम राख्ने बताए। उनले सत्यको सदैव जीत हुने बताए।

कार्यक्रममा प्रदेश सांसद श्याम पटेल, नेका, पर्साका उपसभापति रामनारायण कुर्मी, संविधानसभा सदस्य बिचारी यादव, बसरुद्दीन अन्सारी, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, अनिल सिंह, मणिन्द्रलाल नेपाली, सुरेन्द्र लामिछानेलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण रामनरेश यादवले गरेका थिए।

## ज्येष्ठ नागरिकलाई साडी वितरण



तस्वीर: सौजन्य

प्रस, वीरगंज, १ मङ्सिर/रासस

वीरगंज महानगर–११ वडा कार्यालयले शुक्रवार ज्येष्ठ नागरिक महिलाहरुलाई सम्मानस्वरुप साडी वितरण गरेको छ। वडाध्यक्ष अजयकुमार बरैको अध्यक्षतामा भएको कार्यक्रममा वडाका अन्य सदस्यलगायत भद्रभलाद्मीहरुले २७५ जना ज्येष्ठ नागरिकलाई साडी वितरण गरेका हुन्।

सो अवसरमा वडासदस्य मुस्तकिम अन्सारी, जगन महतोलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सञ्चालन वडासचिव उमेशकुमार शर्माले गरेका थिए।


## नेकाका पूर्वसचिव जयसवालको निधन

प्रस, वीरगंज, १ मङ्सिर/

नेपाली काङ्ग्रेस, पर्साका पूर्वसचिव अशोक जयसवालको निधन भएको छ। ५५ वर्षीय जयसवालको शुक्रवार निधन भएको नेका, पर्साले जनाएको छ।

आधा दशकदेखि जयसवालले पक्षघातका कारण घरमैं उपचार गराउँदै आएका थिए। वडा नं ९ रानीघाट निवासी जयसवालको शुक्रवार दिउँसो वयोधा अस्पतालमा निधन भएको परिवारजनले बताएका छन्।

स्वास्थ्यमा समस्या भएपछि उनलाई अस्पताल भर्ना गरिएको र आज दिउँसो उपचारको क्रममा निधन भएको हो।



जयसवाल वीरगंजका चामल व्यापारी पनि हुन्।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले:

- घर, पुल तथा अन्य संरचना भत्कन सक्छ।
- विद्युत् तथा टेलिफोन सेवा अवरुद्ध हुन सक्छ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्छ।

त्यसैले,

- घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्पप्रतिरोधी बनाऔं।
- घरवरिपरि तथा सार्वजनिक स्थललाई खुला राखौं।
- भूकम्प गएमा खुला र सुरक्षित स्थानमा जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड